# आदिवासीका भूमि अधिकार सम्बन्धी जानकारी

## (प्रश्नोत्तरको रुपमा)



नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# आदिवासीका भूमि अधिकार सम्बन्धी जानकारी

## (प्रश्नोत्तरको रुपमा)

तयारकर्ता
नन्द कन्दङवा

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, पो.ब. नं.: ११११७९, काठमाडौं
फोन: + ९७७ ०१ ५७०५५१०
इमेल: lahurnip.nepal@gmail.com
वेबसाइट: www.lahurnip.org

सर्वाधिकार © लाहुर्निप

प्रथम प्रकाशन सन् २०२०
(५०० प्रति )

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति ईन्टरप्राईजेज
इमेल: yetienter2016@gmail.com

**मुद्रण**
बी.एल. प्रिन्टिङ प्रेस
बागबजार, काठमाडौं

ISBN: 978-9937-0000-0-0

# प्रकाशनको बारेमा

भूमि आदिवासीको जीवन हो, संस्कृति हो, आध्यात्मिक विश्वास हो, जिवीकोपार्जनको स्रोत पनि हो । भूमि आदिवासीका संस्कृति, सामुहिक पहिचान, सामुहिक जीवनपद्धति र अस्तित्व जोडिएको हुन्छ । आदिवासीले जल, जमिन, जंगल, भू-सतह मुनि र माथि, वातावरणलाई समेतलाई भूमिको रुपमा बुझ्दछन् ।

आदिवासीलाई आफ्नो भूमि, भू-क्षेत्र र श्रोतमाथिको प्रथाजन्य अधिकार, आफ्नो भूमिमा स्वायत्तता, स्वशासन र आत्मनिर्णयको अधिकारलाई विभिन्न मानव अधिकार कानूनहरूले प्रत्याभूत गरेकोछ ।

त्यसकारण, भूमि अधिकार आदिवासीका लागि नभै नहुने अधिकार हो । आदिवासीका सामूहिक मानव अधिकार संरक्षणका लागि, दिगो शान्ती र विकासका लागि भूमि अधिकारको सुनिश्चितता अनिवार्य सर्त हो । तर, नेपाली समाजमा आदिवासीका भूमी अधिकार र यससंग जोडिएका अन्तरनिहित तथा अन्तरसम्बन्धित आयामहरूको बारेमा पर्याप्त रुपमा वहस छलफलहरू हुन सकेको छैन ।

आदिवासीको भूमि अधिकारको बारेमा समुदाय स्तरमा चेतना जगाउने र नीति निर्माताहरूलाई आदिवासीका मानव अधिकार संरक्षणको निम्ति सहयोग गर्ने उद्देश्यले यो जानकारी पत्र प्रश्नोत्तरको रुपमा तयार परिएकोछ । यस जानकारी पत्र तयार गर्न सहयोग गर्नु हुने आदिवासी विज्ञ नन्द कन्दङवालाई लाहुर्निप हार्दिक धन्यवाद दिन चाहन्छ । यस जानकारी पत्र तयारीको क्रममा प्राविधिक तथा बौद्धिक सहयोग गर्नुहुने अधिवक्ता दुर्गामणी याम्फू र अधिवक्ता मनोज आठपहरियालाई धन्यवाद दिन चाहन्छ । साथै, यस जानकारी पत्रलाई प्रकाशन गर्न आर्थिक सहयोग गर्ने दातृसंस्थाहरू प्रति लाहुर्निप विशेष आभार प्रकट गर्दछ ।

शान्ती कुमारी राई
अध्यक्ष

# विषय सूची


| | |
|---|---|
| क. भूमि सम्बन्धमा | १ |
| ख. भूमि अधिकार सम्बन्धमा | ६ |
| ग. अन्तर्राष्ट्रिय कानून र भूमि सम्बन्धमा | १३ |
| घ. अन्तर्राष्ट्रिय सन्धि र नेपाल राज्य सम्बन्धमा | १४ |
| ङ. मानवअधिकार र भूमि अधिकार | १६ |
| च. भूमि अधिकार सम्बन्धका अन्तर्राष्ट्रिय सन्धिहरू | १७ |
| छ. अन्तर्राष्ट्रिय सन्धि र आदिवासीको भूमि अधिकार | २० |
| अधिकार १: | २१ |
| अधिकार २: | २३ |
| अधिकार ३: | २४ |
| अधिकार ४: | २५ |
| अधिकार ५: | २६ |
| अधिकार १: | २७ |
| अधिकार २: | २७ |
| अधिकार ३: | २८ |
| अधिकार ४: | २९ |
| अधिकार ५: | ३० |
| अधिकार ६: | ३१ |
| अधिकार ७: | ३२ |
| ज. अन्तर्राष्ट्रिय सन्धि (भूमिसंग सम्बन्धित)को कार्यान्वयन | ३४ |
| झ. भूमिमा आदिवासीको सामूहिक र व्यक्तिगत अधिकार | ३५ |
| ञ. नेपालको वर्तमान भूमि व्यवस्था र ................. | ३६ |
| ट. नेपालका भूमिसंग सम्बन्धित कानूनहरू | ३९ |
| क. नेपालको संविधान, २०७२ | ३९ |
| ख. ऐनहरू | ४१ |
| ठ. भूमि सम्बन्धमा तीन तहको अधिकार | ४४ |
| भूमि सम्बन्धको अधिकार बाँडफाँड | ४५ |
| ड. आदिवासीको भूमि अधिकारको लागि हामी सबैको प्रयत्न | ४८ |

## क. भूमि सम्बन्धमा

### १. भूमि के हो ?

भूमि भनेको माटो हो, ढुंगा हो, जंगल हो, नदी, खोला, खोल्सी र डाँडा पहाड हो, जो सबै जीवजन्तुहरूको आश्रय स्थल र आध्यात्मिक विश्वासको केन्द्रकोरुपमा रहेको छ। आदिवासीले भूमिलाई संस्कृति, जीवन, पुर्ख्यौली थलो, पूर्खाहरूको आत्मा रहने स्थान, सामाजिक आध्यात्मिक विश्वासको केन्द्र, उनीहरूको पूजाआजा गर्ने स्थिर देवताहरू रहेको स्थल, वासस्थान, जीवन निर्वाहको आधार तथा लालनपालन गर्ने आमाको रुपमा बुभ्फदछन्। यसको अर्थ भूमि भनेको भौतिक तथा आध्यात्मिक जीवनको केन्द्र हो। गैर-आदिवासीहरूले भूमिलाई घरवास, कृषि उत्पादन गरिने जमीन, सम्पत्ति तथा जीवन निर्वाहको साधनको रुपमा मात्र लिन्छन्। जब कि आदिवासीले भूमिको परिभाषालाई यतिमा सिमित गर्दैनन्।

### १.१ भूमिभित्र के के पर्छ ?

भूमिभित्र जल, जमीन, जंगल, डाँडा, पाखा, खोला, खोल्सी, खनिज, आध्यात्मिक विश्वास तथा जीवन पद्धतिको आधार, वातावरण तथा पर्यावरण पर्दछ। कतिपयले भूमिलाई जमीनकोरुपमा मात्र बुझ्दछन्। त्यो अपुरो बुझाई हो।

### १.२ भूमि कस्को हो ?

भूमि आदिवासीको हो, जसको प्राचीन समयदेखि उक्त भू-क्षेत्रसंग अन्योन्याश्रित सम्बन्ध रहिआएको छ, जसले भूमिलाई संस्कृति, जीवन, पुर्ख्यौली थलो, पूर्खाहरूको आत्मा रहने स्थान, सामाजिक आध्यात्मिक विश्वासको केन्द्र, उनीहरूको पूजाआजा गर्ने स्थिर देवताहरू रहेको स्थलसहित बासस्थान र जीवन निर्वाहको आधारको रुपमा लिन्छन्, जहाँ उनीहरूको घरबास, कृषि उत्पादन गर्नेदेखि शिकार गर्ने, सबैखाले खाद्य सामग्री जम्मा गर्ने, साँस्कृतिक, सामाजिक र जीवन यापनको लागि एउटा वृहत भू-क्षेत्रमा उनीहरूको विचरण हुन्छ, भूमि तिनीहरूको हो। त्यसैले, भूमिमा तिनै आदिवासीको स्वामित्व र नियन्त्रण रहन्छ र रहनु पर्दछ।

### १.३ के भूमि राज्यको हो ?

आदिवासीको यस्तो भू–क्षेत्रमाथि प्राचीन समयदेखि आदिवासीको नियन्त्रण र

उपभोग भइआएको थियो । समयको विभिन्न कालखण्डमा राज्य शक्तिको बलमा आदिवासीको भूमि अन्य नव आगन्तुकहरूबाट खाली भूमिजसले चर्च्यो, त्यसैको (Doctrine of Terra nullius) हुन्छ । सबै भूमि राज्यको (Doctrine of Eminent Domain) हुन्छ र उपनिवेश भएको देशको भूमि सबै राजाको हुन्छ (Regalian doctrine and crown's lands) भन्ने अवधारणा तथा सिद्धान्तको आधारमा नव आगन्तुकहरूले अतिक्रमण गरेआफ्नो बनाए भनेराज्यले आदिवासीको भूमि खोसेर लग्यो र राज्य सरकारलाई तिरो तिरेर भोग चलन गर्ने बनायो । आदिवासी समुदायबाट राज्यले खोसेर लगेको केही जमीनराज्य सरकारलाई तिरो तिरेर व्यक्तिले भोग चलन गर्ने बनायो जसलाई अहिले निजी जग्गा भन्ने गरिन्छ । यि खोसेर लिएका भूमिमध्ये कतिपय संघसंस्थालाई दिइयो । एउटा ठूलो हिस्सा विर्ता, जागिर तथा रकमको नाममा ब्राह्मण, क्षेत्री लगायत दरबारका आसेपासेहरूलाई दिइयो । कतिपय सरकारी कार्यालय राख्न प्रयोग गऱ्यो भने कतिपय वन उपभोक्तालाई दिइयो । एउटा ठूलो हिस्सा अहिले पनि ऐलानी पर्ति जमीन, नदी, खोला, राष्ट्रिय वन, निकुन्ज, संरक्षण क्षेत्र आदिको नाममा राज्यले आफ्नो स्वामित्व र नियन्त्रणमा राखिराखेको छ। यसर्थ, अहिले भूमि राज्यको हो भनेर बुझ्ने गरिएको छ र राज्यले त्यहीँ अनुसारको कानून बनाएको छ । यसैले, सार्वजनिक हितको लागि भनेर राज्यले चाहेको अवस्थामा राज्यले तोकेको क्षतिपूर्ति दिएर या नदिएर व्यक्तिको जमीनसार्वजनिक प्रयोगको लागिअधिग्रहण गर्न/लिनसक्ने कानून बनाएको छ । सार्वजनिक प्रयोगको लागिजमीन अधिग्रहण गर्ने कुरा संविधानसहित जग्गा प्राप्ति ऐन, २०३४ मा उल्लेख गरिएको छ ।

अहिले आएर खाली जमीन अर्थात् बसोवास नभएको खाली जमीनजसले चर्च्यो त्यसैको हुने (Doctrine of Terranullius), भूमि राज्यको हुने (Doctrine of eminent domain) तथा सबै भूमि राजाको (Regalian doctrine and crown's lands) हुन्छ भन्ने सिद्धान्तको आधारमा आदिवासीबाट खोसिएका भूमिहरू विश्वमा धमाधम फिर्ता हुन थालेका छन् । यस्तो फिर्ता गर्ने काम अन्तर्राष्ट्रिय कानून तथा भूमिमा पूर्ववर्ति अधिकार (Pre-Existing Rights) कायम रहने सैद्धान्तिक मान्यतालाई आधार मानी विभिन्न देशको सर्वोच्च अदालत तथा विश्व तहको न्यायिक निकायहरूले आदिवासीको पक्षमा फैसला दिएपछि ती खोसिएका तथा अतिक्रमण

गरिएका भूमिहरू आदिवासीमा पून: फिर्ता हुने क्रम शुरु भएको छ। यसको लागिसम्वन्धित आदिवासी समुदायले लामो लडाई लड्नु परेको ईतिहास देखिन्छ।

**१.३.१ भूमिमा पूर्ववर्ति अधिकार (Pre-existing right) भनेको के हो ?**

पूर्ववर्ति अधिकारको शाब्दिक अर्थ पहिल्यैदेखि रहेको अधिकार भन्ने हुन्छ। भूमिमा पूर्ववर्ति अधिकार भनेको उपनिवेशवादी अर्थात् नवआगन्तुकहरू आउनु अघिदेखिको अधिकार हो। आधुनिक राज्य बनेर राज्यको बलमा आदिवासीको भूमि खोस्नु भन्दा अघिदेखिको अधिकार हो। उपनिवेशवादीहरू आए पछि आदिवासीको भूमिलाई खाली भूमि मानी जसले चर्च्यो भूमि त्यसैको हुने भन्ने सिद्धान्त (Doctrine of Terranullius) प्रतिपादन गरेर आदिवासीको भूमि हडपे भने राज्यले राज्य सत्ताको बलमा सबै भूमि राज्यको हुन्छ (Doctrine of eminent domain) भन्ने सिद्धान्त प्रतिपादन गरि आदिवासीको भूमि खोस्यो। त्यो भन्दा पहिले ति भूमिहरू आदिवासीको थियो, आदिवासीको स्वामित्व, नियन्त्रण र प्रयोगमा थियो। आदिवासीको पहिल्यैदेखिको भूमिमा रहेको अधिकार नै भूमिमा पूर्ववर्ती अधिकार हो। आदिवासीको यो अधिकारको अहिल्यै उल्लंघन भएको छ।

पूर्ववर्ति अधिकारलाई पहिले भएको सन्धि र पछिल्लो पटक भएको सन्धिबीचको अधिकारलाई लिएर पनि हेर्ने गरिएको छ। पहिले भएको सन्धिले सुनिश्चित गरेका अधिकारहरू पछिल्लो सन्धिले हटाएको या मिचेको छ भने पहिलेको सन्धि अनुसारको अधिकारलाई पनि पूर्ववर्ति अधिकारकोरुपमा व्याख्या गर्ने गरिएको छ।

**१.४ के ती भूमि आदिवासी समुदायले पाउन सक्छन् ?**

पाउन सक्छन। आदिवासीको हकमा अन्तर्राष्ट्रिय कानूनले आदिवासीको परम्परागत भूमिलाई मान्यता दिएको छ। प्रथाजनित/परम्परागत भूमि (Customary/Traditional land) भनेको पुर्ख्यौली भूमि अर्थात् उनीहरूको भूमि तथा भू-क्षेत्रमा अधिकार रहेको थातथलो (Ancestral Domain) हो। यस्तो भूमिलाई ईतिहासको कालखण्डमा विभिन्न नाम दिदै नेपालमा पछिल्लो समयमा विकृत शब्द किपट भूमि पनि भनियो। उक्त अन्तर्राष्ट्रिय कानून राज्यले कार्यान्वयन गरेमा सो परम्परागत भूमि आदिवासीले फिर्ता पाउन सक्छन्। परिवर्तित सन्दर्भलाई विचार गरेर उक्त

परम्परागत भूमिमा व्यक्तिको निजी भूमि बाहेक अन्य भूमिमा आदिवासीको सामूहिक स्वामित्व तथा नियन्त्रण रहने अधिकार पाउन सक्छन् जसरी अष्ट्रेलियाका मारियम आदिवासीले त्यहाँको उच्च अदालतको फैसला अनुसार राज्यले खोसेको उनीहरूले गुमाएको भूमि पुनः फिर्ता पाएका छन्। यस्तो फिर्ता गर्ने प्रक्रिया विश्वका अन्य देशहरूमा पनि शुरु भएको छ। तर यसको लागि आदिवासी समुदाय एक भएर आफ्नो दावी जारी राख्न तयार रहनु पर्दछ। यसको लागि एउटा भनाई "**अधिकार मागेर पाइन्न लडेर मात्र पाइन्छ**" भन्ने कुरालाई सधैं हेक्का राख्नु पर्दछ।

### **१.५ कानूनत भूमि कति प्रकारका छन् ?**

नेपालको बिद्यमान कानूनले भू-उपयोगको दृष्ट्रिकोणबाट हाल उपयोग भएको र आवश्यकताको आधारमा १० प्रकारको भूमिक्षेत्र रहने व्यवस्था गरेको छ। जो निम्न रहेको छ:

(क) कृषि क्षेत्र
(ख) आवासीय क्षेत्र
(ग) व्यावसायिक क्षेत्र
(घ) औद्योगिक क्षेत्र
(ङ) खानी तथा खनिज क्षेत्र
(च) वन क्षेत्र
(छ) नदी, खोला, ताल क्षेत्र
(ज) सार्वजनिक उपयोगको क्षेत्र
(झ) साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
(ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

यिनै भू-उपयोग कानून र त्यसले निर्धारण गरेको भूमि क्षेत्रको आधारमा योजना बन्ने, जग्गा धनी श्रेस्ता र प्रमाण पूर्जा बन्ने, जग्गाको खण्डीकरण नियन्त्रण गर्ने र जग्गाको मूल्यांकन तथा करको निर्धारण हुन्छ। यस भू-उपयोग कानून ले आदिवासीको पुर्ख्यौली भूमि (Ancestral Lands)/थातथालो (Ancestral Domain) बारे बोलेको छैन र भू-उपयोग क्षेत्रको प्रकारमा आदिवासीको परम्परागत भूमि (Traditional lands)/प्रथाजनित भूमि (Customary lands)/थातथलो (Ancestral Domain) लाई राखेको छैन।

यसैगरी स्वामित्व र नियन्त्रणको आधारमा विद्यमान कानूनले ५ प्रकारको जग्गा तथा जमीनको व्यवस्था गरेको छ । जुन निम्न रहेको छः

(क) निजी जग्गा

(ख) गुठी जग्गा

(ग) सार्वजनिक जग्गा,

(घ) सरकारी जग्गा, र

(ङ) परम्परागत सामुदायिक जग्गा (यो परम्परागत सामुदायिक जग्गा भनेको आदिवासीको परम्परागत भूमि होइन । उक्त जग्गा भनेको हाम्रो देशमा जारी भएको भूमि नीतिले धार्मिक तथा साँस्कृतिक हिसावले कुनै समुदायले ओगटी आएको जग्गा मात्र हो)

यी मध्ये निजी र गुठी जमीनको जग्गा धनी प्रमाण पूर्जा भए पनि सार्वजनिक जमीन भने नक्शामा मात्र खोलिएको हुन्छ भने त्यसदेखि बाहेक सबै जमीन सरकारी जमीन हुन्छ । यस्तो सार्वजनिक जमीन नक्शाका साथै मालपोत तथा सरकारी रेकर्डमा सार्वजनिक जमीन भनेर खोलिएको हुन्छ । सार्वजनिक जमीनको लालपूर्जा हुँदैन बन्दैन । यसैले, सार्वजनिक जमीन धेरैले मिच्ने गर्दछन् । परम्परागत सामुदायिक जग्गाको सम्बन्धमा ऐनले निर्धारण गरिसकेको छैन ।

## ख. भूमि अधिकार सम्बन्धमा

### २. भूमि अधिकार भनेको के हो ?

भूमि अधिकार भनेको भूमि उपभोग, भूमिमा स्वामित्व तथा नियन्त्रण हो । यस्तो भूमि अधिकार व्यक्तिगत र सामूहिक (Individual and collective) २ प्रकारको हुन्छ । व्यक्तिगत भूमि अधिकार र सामूहिक भूमि अधिकार दुई फरक कुरा मात्र नभएर अवधारणागत, सैद्धान्तिक तथा व्यवहारिक रुपमा नै फरक कुरा हुन् ।

### २.१ व्यक्तिगत भूमि अधिकार (Individual right to land) भनेको के हो ?

व्यक्तिले जमीनको उपभोग, स्वामित्व र नियन्त्रण गर्न पाउने अधिकार नै व्यक्तिगत भूमि अधिकार हो । यसैको लागि विभिन्न समूह, भूमिहीन र सुकुम्बासीहरू जमीन पाउनुपर्ने र सो जमीनको उपभोग, स्वामित्व र नियन्त्रण तिनै व्यक्तिहरूको हुनु

पर्ने भनि लडिरहेका छन् । यस्तो लडाई दावीको रुपमा अभिव्यक्त भएको छ । यस्तो दावी आश्रय या जीवन निर्वाहको लागि हुन सक्छ भने मोहियानी हक, जोतभोग गरेको तर, जमीनको स्वामित्व पूर्जा नपाएको विभिन्न रुपको जमीन स्वामित्वको दावी हुन सक्छ । नेपालमा यस्तो भूमि अधिकार दावीमा उखडा, गाउँ ब्लक, वेदर्ता मोही, भूमिहीन तथा सुकुम्बासीलाई जग्गा आदिलगायतका सवालहरू विद्यमान रहेका छन् । व्यक्तिगत भूमि अधिकारको कुरा "भूमि राज्यको हो" भन्ने सैद्धान्तिक अवधारणासंग सम्बन्धित छ । यसैले, व्यक्तिगत भूमि अधिकारको पैरवी तथा अभियान गर्नेहरू विश्व तहमा नै जग्गा, जमीन तथा भूमिको राष्ट्रियकरणको कुरा गर्दछन र राज्यले जमीन नहुनेलाई जमिन दिनुपर्ने पैरवी गर्दछन् । जब कि सामूहिक भूमि अधिकारको कुरा 'भूमि आदिवासीको हो' भन्ने सैद्धान्तिक अवधारणासंग सम्बन्धित छ र जग्गा, जमीन तथा भूमि राष्ट्रियकरण गर्ने कुराको विरुद्धमा हुन्छन् । सामूहिक भूमि अधिकारले व्यक्तिको भूमि अधिकार पनि सुनिश्चित गर्दछ भन्ने कुरा व्यक्तिगत भूमि अधिकारको कुरा गर्नेहरूलाई बुझाउन जरुरी छ ।

**२.२ सामूहिक भूमि अधिकार (Collective rights to lands) भनेको के हो ?**
संक्षेपमा, भूमि तथा भू-क्षेत्र अर्थात् निश्चित सीमा तोकिएको भौगोलिक भूमिमा आदिवासी समुदाय विशेषको सामूहिक निर्णय, सामूहिक व्यवस्थापन, सामूहिक स्वामित्व र नियन्त्रण रहने खास भौगोलिक भूमिमाथिको साझा अधिकार नै सामूहिक भूमि अधिकार हो । यस्तो साझा भाषा, साझा संस्कृति, साझा जीवन पद्धति र साझा विश्वास भएका भूमि र प्रकृतिसंगको अन्योन्याश्रीत सम्बन्ध भएका मानिसहरूको आफ्नो *साझा कुराहरूलाई बचाई राख्ने र बचाउन योगदान गर्ने महत्वपूर्ण विषयहरूमाथिको अधिकार नै सामूहिक अधिकार* हो । वर्तमान नेपालसहित विश्वको सन्दर्भमा हाल भूमिमा आदिवासीको सामूहिक अधिकार पूर्ववर्ती अधिकार (Pre-existing rights) को रुपमा रहेको छ ।

सामूहिक भूमि अधिकार आदिवासीको मात्र हुन्छ भने आदिवासीको व्यक्तिगत भूमि अधिकार पनि हुन्छ । सामूहिक भूमि अधिकारले आदिवासी समुदायको साझा कुराहरूलाई बचाई राख्न महत्वपूर्ण भूमिका खेल्दछ ।

यसैले साझा भाषा प्रयोग, प्रचलन, विकास तथा तिनलाई जीवन्त बनाई राख्न, साझा संस्कृति प्रयोग, प्रचलन, विकास तथा तिनलाई जीवन्त बनाई राख्न, साझा जीवन पद्धति र विश्वासको लागि ***भूमि, भू-क्षेत्र, प्राकृतिक स्रोत तथा वातावरणको दिगो प्रयोग, प्रचलन, जीवन्तता प्रदान गर्नु र संरक्षण तथा प्रवर्द्धनगर्नु सामूहिक अधिकार*** हो । यसर्थ, यी कुराहरूको बचावटको लागि आदिवासीले अभ्यास गर्न पाउनुपर्ने **स्वायत्तता, स्वशासन, आत्मनिर्णयको अधिकार, राष्ट्रियताको पहिचान, सामूहिक जीवन पद्धति, आत्मनिर्णीत विकासआदि सामूहिक अधिकार हुन् ।**

### २.२.१ **स्वायत्तता भनेको के हो ?**

सामान्यतया अरुको हस्तक्षेपबिना आफैँले निर्णय गर्नसक्ने अधिकारलाई स्वायत्तता भनिन्छ । यस्तो स्वायत्ततालाई कानूनी हिसाबले सुनिश्चित र परिभाषित गरिएको हुन्छ । अदिवासीको स्वायत्तता भनेको उनीहरूको विकास र निर्णयमा अरुबाट अहस्तक्षेपको कुरा हो, जहाँ उनीहरूको आफ्नै निर्णयबाट काम हुन्छ ।

### २.२.२ **स्वशासन भनेको के हो ?**

स्वशासनको अर्थ आफ्नै शासन हो । आदिवासीको स्वशासनको अधिकार भनेको आदिवासी आफैँले आफूलाई शासन गर्ने भन्ने हो । यस्तो स्वशासनलाई आदिवासीको आफ्नै परम्परागत कानूनले निर्देशित गरेको हुन्छ । तर राजनीतिकरुपमा स्वशासन भनेको तोकिदिएको कानूनको आधारमा सम्बन्धित निकाय या समुदायले शासन गर्ने भन्ने अर्थ लाग्ने भएकोले स्वशासनसंग स्वायत्तता जोडिन्छ ।

### २.२.३ **आत्मनिर्णयको अधिकार भनेको के हो ?**

आत्मनिर्णयको अधिकार भनेको स्वशासन र स्वायत्ततामा तलमाथि हुने अवस्था आएमा के गर्ने भन्ने सम्बन्धमा सो स्वायत्त तथा स्वशासित ईकाई तथा त्यहाँको जनताले निर्णय गर्नपाउने अधिकार हो । यसैले स्वशासन र स्वायत्तता सोझै आत्मनिर्णयको अधिकारसंग गाँसिएको हुन्छ ।

### २.२.४ **राष्ट्रियताको पहिचान भनेको के हो ?**

जाति नै राष्ट्र हो । यही राष्ट्रको अस्तित्व, गुण र विशेषतालाई बुझाउन राष्ट्रियता

(Nationality) शब्द प्रयोग गर्ने गरिन्छ । नेपाल देश तथा राज्यलाई राष्ट्र भन्नेहरू पनि छन् भने देश तथा राज्य र जनतालाई समग्रतामा राष्ट्र भन्नेहरू पनि छन् । देश तथा राज्य र जनतालाई समग्रतामा राष्ट्र भन्नलाई देशभित्र एकै भाषा बोल्ने, एकै संस्कृति मान्ने, एकैखाले सामाजिक रीतिथीति तथा विश्वास, भेषभूषा र जीवन पद्धति अपनाएका मानव समूह रहेको हुनु पर्दछ । नेपालमा फरक भाषा, फरक संस्कृति, फरक रीतिथीति तथा विश्वास, भेषभुषार जीवन पद्धति भएका विभिन्न मानव समूहहरू रहेका छन् । यसैले, यहाँ मगर, गुरुङ, लिम्बू, थारु, क्षेत्री, बाहुनलगायतका अनगिन्ती राष्ट्रिय पहिचान भएका भिन्न-भिन्न मानव समूह तथा राष्ट्रहरू रहेका छन् । समग्रता ती सबै नेपाली हुन् र नेपाल देशको सीमाभित्र रहेका छन् । तर नेपाली जाति या राष्ट्र होइनन् । यहीं फरक-फरक राष्ट्रिय पहिचान नै राष्ट्रियताको पहिचान हो ।

### २.२.५ सामूहिक जीवन पद्धति भनेको के हो ?

समुदाय विशेषले सामूहिक निर्णय, सामूहिक व्यवस्थापन, सामूहिक स्वामित्व र नियन्त्रण रहने पद्धतिलाई सामूहिक जीवन पद्धति भन्ने गरिन्छ । यस सामूहिक पद्धतिमा व्यक्ति तथा परिवारको भिन्न-भिन्न भूमिका रहेको हुनसक्छ । आदिवासीमा जन्मेदेखि मृत्युसम्मको जीवनमा उनीहरू आफैंले विकास गरेको परम्परागत/प्रथाजनित कानूनले निर्देश गर्दछ । त्यसलाई नाघेर जान कुनै व्यक्ति वा परिवारलाई छुट हुँदैन । यदि नाघ्ने काम गरे या सो सामूहिकतालाई दिशा निर्देश गर्ने परम्परागत/प्रथाजनित कानूनलाई नमाने ती नमान्नेहरूलाई समुदायले आफ्नो सामूहिक प्रणालीबाट बाहिर निकाल्छ र बाहिरीय मानिस ठान्छ । यहीप्रणाली तथा पद्धतिलाई सामूहिक जीवन पद्धति भनिन्छ । यस्तो सामूहिक जीवन पद्धति संस्कार संस्कृतिमा रहेको हुन्छ, भाषा, भेषभुषा, सामूहिकभूमि प्रणाली, खानपिन आदिमा रहेको हुन्छ । अहिले, आदिवासीको यो सामूहिक जीवन पद्धति टुट्ने र भत्कने क्रममा छ ।

### २.२.६ आत्मनिर्णीत विकास भनेको के हो ?

आफ्नो आवश्यकता र क्षमता अनुसार आफैंले गर्ने विकास निर्णयलाई आत्मनिर्णीत विकास भन्ने गरिन्छ । यसको अर्थ विकासको मोडल कस्तो हुने, के गर्ने कसरी

गर्ने र कहाँ गर्ने भन्ने जस्ता विषयहरू आदिवासी आफैंले गर्ने निर्णयलाई आदिवासीको आत्मनिर्णीत विकास हो ।

आदिवासीको अस्तित्व तथा पहिचानलाई बचाई राख्न र जीवन्तता दिन यी कुराहरूलाई तीन तहमा व्याख्या गर्न सकिन्छ । भूमिसहित आदिवासीको सामूहिक अधिकारको मुख्य कुरा भनेकोउक्त समूहको साझा भाषा, साझा संस्कृति, साझा जीवन पद्धति र साझा विश्वास भएका भूमि र प्रकृतिसंगको अन्योन्याश्रित सम्बन्ध भएका, मानव समूहको आफ्नो साझा कुराहरूलाई बचाउनु, निरन्तरता दिनु र विकास गर्नु हो । उक्त कुरा भूमि, भू-क्षेत्र, प्राकृतिक स्रोत तथा वातावरणको अधिकार र दिगो प्रयोगविना सम्भव हुँदैन । भूमि, भू-क्षेत्र, प्राकृतिक स्रोत तथा वातावरणको अधिकार र दिगो प्रयोग आदिवासीलाई स्वायत्तता, स्वशासन, स्वनिर्णीत विकास र आत्मनिर्णयको अधिकार भए मात्र सुरक्षित तथा सबल हुन्छ । त्यसैले स्वायत्तता, स्वशासन, स्वनिर्णीत विकास र आत्मनिर्णयको अधिकार नै आदिवासीको सामूहिक अधिकार हो ।


### ३. आदिवासीको भूमि अधिकार (Indigenous peoples' rights to lands) भनेको के हो ?

भूमि तथा भू-क्षेत्र अर्थात् निश्चित सीमा तोकिएको भौगोलिक भूमि जसलाई पुर्ख्यौली भूमि (Ancestral lands) भनिन्छ । कसैले यसलाई थातथलो (Ancestral domain) त कसैले यसलाई परम्परागत/प्रथाजनित भूमि (Traditional/Customary lands) भन्ने गर्दछन् । यहीं पुर्ख्यौली भूमि (Ancestral lands) माथि आदिवासीको अधिकार नै आदिवासीको सामूहिक भूमि अधिकार हो । यस्तो भूमिभित्र दुई खाले भूमि उपभोग प्रणाली रहन सक्छ । उक्त भूमिभित्र खास आदिवासी समुदाय विशेषको सामूहिक निर्णय, सामूहिक व्यवस्थापन, सामूहिक स्वामित्व र नियन्त्रण रहने सामूहिक भूमि उपभोग प्रणाली र व्यक्तिगत जमीन उपभोग प्रणाली रहन सक्छ ।

### ३.१ पुर्ख्यौली भूमि (Ancestral lands) भनेको के हो ?

खास मानव समुदाय विशेषको पूर्खाले पहिले आएर आर्जेको या सर्वप्रथम आएर

प्राचीन समयदेखि बाँडफाँड गरी निश्चित भू-क्षेत्रलाई विभिन्न हिसाबले प्रयोग गरेको, नियन्त्रण गरेको र त्यही आफ्नो साँस्कृतिक तथा आध्यात्मिक सम्बन्धलाई जोड्न पुगेको भूमिलाई पुर्ख्यौली भूमि (Ancestral lands) भनिन्छ । यस्तो भूमिमा सम्बन्धित मानव समूहको परम्परागत कानून अनुसार समाज चलेको हुन्छ । उक्त पुर्ख्यौली भूमिसंग सम्बन्धित आदिवासी पुर्ख्यौली भूमि भन्दा बाहिर गएर अन्यत्र बसोवास गरे पनि उसको पुर्ख्यौली भूमि त्यहीं नै हुन्छ । सामान्यत, अन्यत्रबाट आएर पूर्खाहरू २/४ पुस्ता बसेर अन्यत्र गएकाहरूले पनि तीनका पूर्खा उक्त ठाउँबाट गएकोले सो ठाउँलाई पुर्ख्यौली भूमिको रुपमा अर्थ्याउन खोज्दछन्, जुन गलत हो ।




### ३.२ थातथलो (Ancestral domain) भनेको के हो ? प्रथाजनित कानून भनेको के हो ?

खास मानव समुदायका पूर्खाहरू पहिलो बासिन्दा नभए पनि सो भूमिमा पुस्तौं पुस्ता (लामो समय) सम्म रही बसी उक्त भू-क्षेत्रलाई आफ्नो नियन्त्रणभित्र राखी अपनत्व लिएको भूमि (भू-क्षेत्र)लाई थातथलो (Ancestral domain) भनिन्छ । थातथलोमा सम्बन्धित मानव समुदायको साँस्कृतिक तथा आध्यात्मिक सम्बन्ध जोडिएको हुने भएता पनि यस्तो भूमिमा सम्बन्धित मानव समुदायको प्रथा जनित कानून (Customary law) अनुसार समाज चलेको तथा सञ्चालन नभएको हुन सक्छ ।

**प्रथाजनित कानून** भनेको खास मानव समुदाय विशेषको समाजलाई आदिकालदेखि सञ्चालन गरि आएको र सो समुदायको समाजले स्वीकार गरेको सामाजिक मूल्य, मान्यता, नियम तथा कानूनलाई प्रथाजनित कानून (Customary law) भन्ने गरिन्छ ।

### ३.३ परम्परागत/प्रथाजनित भूमि (Traditional / Customary lands) भनेको के हो ?

खास मानव समुदाय विशेषको पूर्खाले पहिले आएर आर्जेको या सर्वप्रथम आएर प्राचीन समयदेखि बाँडफाँड गरि निश्चित भू-क्षेत्रलाई ओगटेको, विभिन्न हिसाबले प्रयोग गरेको, नियन्त्रण गरेको र उक्त भूमिभित्र सम्बन्धित मानव समूहको परम्परागत/प्रथाजनित कानून अनुसार समाज तथा भूमि व्यवस्थापन चलिरहेको र अहिले पनि अवशेषको रुपमा रहेको भूमिलाई परम्परागत/प्रथाजनित भूमि (Traditional/Customary lands) भनिन्छ । पुर्ख्यौली, प्रथाजनित तथा परम्परागत भूमिमाथिको अधिकार आदिवासी जनजातिमा रहन्छ भन्ने कुरा अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेको छ ।

## ग. अन्तर्राष्ट्रिय कानून र भूमि सम्बन्धमा

### ४. अन्तर्राष्ट्रिय कानून भनेको के हो ?

दुई वा दुईभन्दा बढी देशहरूले परस्परमा आफूलाई लागूहुनेगरी बनाएको बाध्यकारी नियम, सम्झौता र सन्धिहरूलाई अन्तर्राष्ट्रिय कानून भनिन्छ । जब स्वतन्त्र देश यस्ता सम्झौताहरूमा प्रवेश गर्छन् या हस्ताक्षर तथा अनुमोदन गर्दछन्, त्यो उक्त देशको लागि लागू गर्नैपर्ने बाध्यकारी कानून बन्दछ । कतिपय अवस्थामा त्यस्ता नियम, सम्झौता तथा सन्धिहरूमा हस्ताक्षरसहित अनुमोदन नगरे तापनि उक्त नियम, सम्झौता तथा सन्धिहरू लागू गर्नुपर्ने नैतिक दायित्व बन्दछ ।

विभिन्न देशहरूले परस्परमा आफूलाई लागू हुने बाध्यकारी कानूनको निर्माण संयुक्त राष्ट्रसंघ या अन्य कुनै विश्व तहका संस्थाहरूले अन्तर्राष्ट्रिय तहको सम्मेलनमा ल्याएको प्रस्तावलाई हस्ताक्षर तथा अनुमोदन गर्न खुल्ला भएपछि शुरु हुन्छ । जुन-जुन देशले त्यसमा हस्ताक्षर तथा अनुमोदन गर्दछन्, त्यो उक्त देशको

लागि बाध्यकारी अन्तर्राष्ट्रिय कानून बन्दछ । यसरी बनेको अन्तर्राष्ट्रिय कानूनलाई उक्त देशले लागू गर्न संविधान, ऐन कानूनहरूमा त्यसलाई समावेश गर्नु पर्दछ र कार्यान्वयनमा लैजानु पर्दछ ।

**५. भूमि अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय कानून किन महत्वपूर्ण छ ?**

व्यक्ति तथा आदिवासी समुदायको भूमिअधिकारलाई अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेकोले नेपालमा भूमि सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको ज्यादै महत्वपूर्ण छ । ती अन्तर्राष्ट्रिय कानूनहरूले देशको अर्थात् राष्ट्रिय कानूनहरूलाई निर्देशित गर्दछन् । देशभित्र भूमि सम्बन्धका सबै व्यवस्था तथा कार्यक्रमहरू उक्त राष्ट्रिय कानूनले निर्धारण गर्दछ ।

## घ. अन्तर्राष्ट्रिय सन्धि र नेपाल राज्य सम्बन्धमा

**६. अन्तर्राष्ट्रिय सन्धि (International Treaty) भन्नाले के बुझिन्छ ?**

विभिन्न विषयहरूमा संयुक्त राष्ट्रसंघ र विश्व तहको अन्तर्राष्ट्रिय संस्थाहरूले विश्वभर लागू गर्न बनाएको प्रस्तावलाई विश्वभरका देशहरूका सरकारी प्रतिनिधिहरूको औपचारिक सम्मेलनमा परस्परमा छलफल गरी स्वीकार्य भएको दस्तावेजलाई अन्तर्राष्ट्रिय सन्धि (International Treaty) भनिन्छ । यस्ता सन्धिहरू पनि महासन्धि (Convention), प्रतिज्ञापत्र (Covenant) र अनुबन्ध (Protocal) कोरुपमा रहेका हुन्छन् । अन्य धेरै अन्तर्राष्ट्रिय बाध्यकारी र नैतिक तथा स्वैच्छिक सन्धि सम्झौताहरूसहित यी सन्धिहरूलाई अन्तर्राष्ट्रिय साधन (International instruments) भन्ने गरिन्छ । यस्ता अन्तर्राष्ट्रिय साधनहरू (International instruments) नेपाल मात्र होइन, कुनै पनि देशले ढिलो या चाँडो कार्यान्वयन गर्नैपर्ने हुन्छ ।

**७. अन्तर्राष्ट्रिय साधन (International instruments) र अन्तर्राष्ट्रिय मानव अधिकारका साधनहरू (International Human Rights Instruments) भन्नाले के बुझिन्छ ?**

अन्तर्राष्ट्रिय बाध्यकारी र नैतिक तथा स्वैच्छिक सन्धि सम्झौताहरूसहित यी सन्धिहरूलाई अन्तर्राष्ट्रिय साधन (International instruments) भन्ने गरिन्छ भने

संयूक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायूक्तको कार्यालय (OHCHR) का अनुसार Bill of Rights सहित ९ वटा अन्तर्राष्ट्रिय सन्धिहरूलाई मानव अधिकारको मुख्य साधन (CoreHuman Rights Instrument)हरू मानिन्छ। ती सन्धिहरू हुन:

(क) सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ (ICERD),

(ख) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR),

(ग) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICESR),

(घ) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ (CEDAW),

(ङ) यातना तथा अन्य क्रुर , अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ (CAT),

(च) बाल अधिकार सम्बन्धी महासन्धि, १९४९ (CRC),

(छ) सबै आप्रावासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० (ICMW),

(ज) बलपूर्वक वेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अर्न्राष्ट्रिय महासन्धि, २००६ (CPED)

(झ) अपाङगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ (CRPO)

**८. भूमि सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू कतिवटा र के के छन्** ?

भूमि तथा भूमि अधिकारलाई केन्द्रित गरेर बनाइएको अन्तर्राष्ट्रिय सन्धिहरू छैनन्। तर भूमि तथा भूमि अधिकारका विषयहरू विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता, घोषणा तथा निर्देशक सिद्धान्तहरूका विभिन्न धाराहरूमा व्यवस्था गरेको पाइन्छ। तीनै विभिन्न धाराहरूको आधारमा भूमि अधिकारलाई बुझ्ने, व्याख्या गर्ने र दावी गर्ने कामहरू भइरहेको छ।

**९. नेपालले कतिवटा अन्तर्राष्ट्रिय सन्धि तथा अन्तर्राष्ट्रिय मानव अधिकार साधनहरूमा हस्ताक्षर तथा अनुमोदन गरेको छ ?**

नेपालले २ वटा पूरक तथा संशोधन महासन्धिसहित २२ वटा महासन्धि (Convention), २ वटा प्रतिज्ञापत्र (Covenant) र ६ वटा अनुबन्धहरू (Protocols) मा हस्ताक्षर गरी अनुमोदन गरेको छ । यसको साथै नेपालले कूल मिलाएर ३० वटा अन्तर्राष्ट्रिय मानव अधिकार साधनहरू (International Human Rights Instruments) मा हस्ताक्षर गरी अनुमोदनसमेत गरेको छ । नेपाल सरकारको न्याय, कानून तथा संसदीय मामिला मन्त्रालयले भने जम्मा २४ वटा अन्तर्राष्ट्रिय मानव अधिकार साधनहरू (International Human Rights Instruments) मा नेपालले हस्ताक्षर गरी अनुमोदन गरेको उल्लेख गरेको छ ।

**१०. के नेपाल राज्यले ती सन्धि र मानव अधिकारका साधनहरूलाई कार्यान्वयन गर्नै पर्दछ ? कार्यान्वयन गर्ने प्रक्रिया के हुन्छ ? कार्यान्वयन नगरे के हुन्छ ?**

नेपाल पक्ष राज्य भएका सन्धि, सम्झौतालगायतका अन्य अन्तर्राष्ट्रिय साधन तथा दस्तावेजहरूलाई नेपालले कार्यान्वयन गर्नै पर्दछ । कार्यान्वयन गर्न नेपालले एक राष्ट्रिय कार्य योजना (National Action Plan) बनाउनु पर्ने हुन्छ । सो कार्य योजनालाई मन्त्रिपरिषद्ले पास गरेपछि त्यो कार्यान्वयनमा जान्छ । सोही कार्य योजना अनुरुप राष्ट्रिय कानूनहरू (संविधान, ऐन, नियम, निर्देशिका आदि) मा समावेश हुन्छ ।

नेपालले ती साधन कार्यान्वयन गरेको प्रगति प्रतिवेदन हरेकवर्ष या तोकिएको समयमा दिनुपर्ने हुन्छ । यदि नेपालले सो कार्यान्वयन नगरेको देखिएमा अन्तर्राष्ट्रिय तहमा संयुक्त राष्ट्रसंघ अन्तर्गतका अनुगमन गर्ने निकाय तथा संयन्त्रहरूले कार्वाहीको प्रक्रिया बढाउन सक्छन् । सो कार्वाहीको प्रक्रिया संयुक्त राष्ट्रसंघको साधारण सभा तथा सुरक्षा परिषद्सम्म पुग्न सक्छ । उक्त निकायले नेपाल/सम्बन्धित देशलाई असहयोग गर्ने, सहयोग रोक्ने, आर्थिक नाकाबन्दी, विश्व समुदायबाट एक्ल्याउनेसम्म जस्ता कार्वाहीहरू गर्न सक्छ ।

## ङ. मानव अधिकार र भूमि अधिकार

**११. मानव अधिकार भन्नाले के बुझ्ने ? के भूमि अधिकार मानव अधिकार हो ?**
जुनसुकै राष्ट्रियता भए पनि, जहाँ जन्मिएको भए पनि, जुनसुकै लिंगको भए पनि, जुनसुकै जातीयसमूहको भए पनि, जुनसुकै धर्म तथा उत्पतिको भए पनि, जुनसुकै रंग या वर्णको भए पनि, जुन भाषा बोल्ने भए पनि मानव भएको नाताले उपभोग गर्न पाउनु पर्ने अधिकार नै मानव अधिकार हो । यो अधिकारविना भेदभाव सबैले समान रुपमा उपभोग गर्न पाउछन् । विश्व व्यापी मानव अधिकार खासमा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, परम्परागत अन्तर्राष्ट्रिय कानून, सामान्य सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनका अन्य स्रोतहरूकोरुपमा अभिव्यक्त हुन्छ र कानूनद्वारा सुनिश्चित गरिन्छ ।

यस हिसावले भूमि अधिकार पनि मानव अधिकार नै हो तर भूमि र भूमि अधिकारकै विषयलाई लिएर अन्तर्राष्ट्रिय तहमा विशेष सन्धि, सम्झौता तथा सिद्धान्तहरू बनेका छैनन् यद्यपि विभिन्न विषयका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा भूमि अधिकारकाबारेमा केही व्यवस्थाहरू भएका छन् ।

## च. भूमि अधिकार सम्बन्धका अन्तर्राष्ट्रिय सन्धिहरू

**१२. भूमि अधिकार सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता, अनुबन्ध र अन्य साधनहरू के के छन् ?**
भूमि तथा भूमि अधिकारका विषयहरू विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता, घोषणा तथा निर्देशक सिद्धान्तहरूका विभिन्न धाराहरूमा व्यवस्था गरेको पाइन्छ । यस्ता अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, घोषणा तथा निर्देशक सिद्धान्तहरूमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR), आदिवासी तथा ट्राईबल महासन्धि नं. १६९ (ILO C No. 169), महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW), संयुक्त राष्ट्र संघको चार्टर, जैविक विविधता सम्बन्धी महासन्धि (CBD), आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP), आदिवासीको सम्बन्धमा विश्व सम्मलेन (WCIP)को परिणाम-पत्र, व्यापार तथा मानव अधिकार सम्बन्धी

संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्त (UNGP-BHR) आदि रहेका छन्। यीमध्ये कतिपय बाध्यकारी र कतिपय नैतिक तथा स्वैच्छिक सन्धि, सम्झौता, घोषणा तथा सिद्धान्तका रुपमा रहेका छन्।

**१३. ती अन्तर्राष्ट्रिय साधनहरूले सुनिश्चित गरेका भूमि अधिकार के के हुन् ?**

भूमि अधिकार सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय साधनहरूले सुनिश्चित गरेका अधिकारहरू बाध्यात्मक कानून (Enforceable law) कारुपमा र कुनै नैतिक तथा स्वैच्छिक कानून (Soft law) कोरुपमा रहेका छन्। भूमि अधिकारको सम्बन्धमा केही धाराहरू व्यवस्था भएका मुख्य अन्तर्राष्ट्रिय साधनहरू (International instruments) निम्न रहेका छन्।

**१३.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) ले आदिवासीको भूमि अधिकारबारे के के व्यवस्था गरेको छ ?**

यस प्रतिज्ञापत्रको धारा १ को उपधारा (१), (२) र (३) ले समुदाय अर्थात् जातीय समूह अर्थात् राष्ट्रको आत्मनिर्णयको अधिकार हुने कुरालाई सुनिश्चित गरेको छ र सो आत्मनिर्णयको अधिकार अनुसार उनीहरूले आफ्नो आर्थिक, साँस्कृतिक तथा सामाजिक विकास स्वतन्त्रपूर्वक गर्नसक्ने अधिकार सुनिश्चित गरिदिएको छ। यसको अर्थ ती समुदायको स्वायत्तता र स्वशासन हुन्छ भन्ने हो। स्वायत्तता र स्वशासनको अर्थ उनीहरूले ऐतिहासिक तथा परम्परागतरुपमा ओगटिआएको भू-क्षेत्रमा परम्परागत/प्रथाजनित कानूनको आधारमा राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विकास तथा व्यवस्थालाई स्वतन्त्र ढंगले संचालन गर्दै भूमिमा सामूहिक व्यवस्थापन, सामूहिक निर्णय र सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार अभ्यास गर्न सक्छन्। यस धाराले खास समुदाय, जातीयसमूह तथा राष्ट्र (जाति) को भूमिसहितको सामूहिक अधिकार सुनिश्चित गरेको छ, जसलाई पक्ष राज्यले सम्मान र कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ।

उक्त प्रतिज्ञापत्रको धारा २ को उपधारा (१), धारा १४, १६ र २३(४) ले खास भू-क्षेत्रभित्र व्यक्तिको व्यक्तिगत अधिकारलाई सुनिश्चित गरेको छ।

**१३.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) ले आदिवासीको भूमि अधिकारबारे के के व्यवस्था गरेको छ ?**

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)ले धारा १ र २ मा व्यवस्था गरे जस्तै यस आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) को धारा १ र २ ले उहि व्यवस्था गरेको छ । यसरी नै यसको धारा २ (२), ३ र ११ (१) ले भूमिमा व्यक्तिको व्यक्तिगत अधिकार हुने व्यवस्था गरेको छ ।

**१३.३ आई एल ओ महासन्धि नं. १६९ (ILO C No. 169) ले आदिवासी तथा ट्राईबलको भूमि अधिकार बारे के के व्यवस्था गरेको छ ?**

यस महासन्धिले यसको धारा १३ देखि १९ सम्म आदिवासी भूमिमा सामूहिक अधिकार र उनीहरूको परम्परागत/प्रथाजनित भूमिमा भूमि तथा प्राकृतिक स्रोतहरूमा अधिकार हुने व्यवस्था गरेको छ । यसबारे तल विस्तृतरुपमा प्रस्तुत हुनेछ ।

**१३.४ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) ले भूमिअधिकार बारेके के व्यवस्था गरेको छ ?**

यस महासन्धिले भूमिमा महिलाको अधिकारको सोझै कुरा नगरे पनि यसको धारा १४(छ) ले भूमि समान उपचार तथा व्यवहारको कुरा गर्दछ । यसले भूमिमा सामूहिक अधिकारको कुरा गर्दैन ।

**१३.५ संयुक्त राष्ट्र संघको चार्टर (United Nations Charter) ले भूमि अधिकार बारे के के व्यवस्था गरेको छ ?**

संयुक्त राष्ट्रसंघको चार्टरले त्यहाँको बासिन्दाको भौगोलिक भूमि(Territory) लाई शान्ति र सुरक्षासंग जोडेर कुरा उठाएको छ । चार्टरको धारा ७३ मा कुनै पनि सदस्य राज्यको शासन प्रशासनभित्र रहेको भौगोलिक भूमि (भू-क्षेत्र) का बासिन्दाहरूले स्व-सरकार (Self-government) प्राप्त गरेका छैनन् भने उनीहरूको त्यस्तो महत्वपूर्ण विषयलाई मान्यता दिनुपर्ने सदस्य राज्यको जिम्मेवारी हो भन्ने व्यवस्था गरेको छ ।

**१३.६ आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) ले आदिवासीको भूमि अधिकार बारे के के व्यवस्था गरेको छ ?**

संयुक्त राष्ट्रसंघको यस घोषणापत्रले आदिवासीको भूमि अधिकारसहित राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारलगायत धेरै अन्य अधिकार बारे व्यवस्था गरेको छ । यस घोषणापत्रको धारा ८, १०, २५, २६, २७, २८, २९, ३०, ३२ र ३३ ले अीदवासीको भूमि अधिकार सम्बन्धी व्यवस्था गरेको छ । यसबारे तल विस्तृत रुपमा प्रस्तुत हुनेछ ।

## छ. अन्तर्राष्ट्रिय सन्धि र आदिवासीको भूमि अधिकार

**१४. कुन–कुन अन्तर्राष्ट्रिय सन्धिहरूले आदिवासीको भूमि अधिकार बारे व्यवस्था गरेको छ ?**

सामान्यतः सबैलाई लागूहुनेगरी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले भूमि सम्बन्धी व्यवस्था गरेका छन् । आईएलओ महासन्धि नं. १६९ ले भने आदिवासी तथा ट्राईबल समुदायको लागि भूमि अधिकारको व्यवस्था गरेको छ । यसैगरी आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP)ले आदिवासीको भूमि अधिकारको व्यवस्था गरेको छ । यसरी नै आदिवासीको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलन (WCIP) को परिणाम-पत्रमा पनि आदिवासीको भूमि अधिकार सम्बन्धमा बोलेको छ ।

**१५. ती सन्धिहरूले आदिवासीको के के भूमि अधिकार सुनिश्चित गरेको छ ?**

आईएलओ महासन्धि नं. १६९, आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) र आदिवासीको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलन (WCIP) ले आदिवासीको भूमि अधिकार सम्बन्धमा निम्न व्यवस्था गरिएको छ ।

**१५.१ आईएलओ महासन्धि नं. १६९ (ILO C No. 169) ले आदिवासी तथा ट्राईबलको भूमिअधिकार बारे के के व्यवस्था गरेको छ ?**

आईएलओ महासन्धि नं. १६९ लाई अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ पनि भनिन्छ । यसको धारा १३ देखि १९ सम्म आदिवासीको भूमि अधिकार सम्बन्धी व्यवस्था गरेको छ । नेपालले यो महासन्धिलाई संसदबाट नै सन् २००७

मा अनुमोदन गरी बुझाएकोले नेपाल यसको पक्ष राज्य मानिन्छ । यस्ता सन्धिहरूको पक्ष राज्य भएपछि ती सन्धिहरूलाई नेपालले कार्यान्वयन गर्नै पर्दछ ।

**अधिकार १ः**

**आदिवासीहरूको परम्परागत/प्रथाजनित भूमि हुन्छ र सो भूमिमा उनीहरूकै स्वामित्व र अधिनताको अधिकार रहन्छ**

आदिवासी तथा ट्राईबल सम्बन्धी यस अन्तर्राष्ट्रिय महासन्धिको **धारा १३** (२) ले सम्बन्धित आदिवासीले ओगटेको तथा कुनै हिसावले प्रयोग गरेको त्यस क्षेत्रको वातावरणसमेत समेटिएको र निश्चित भू-क्षेत्रको अवधारणालाई समावेश गर्दछ सो भूमिलाई आदिवासीको परम्परागत/प्रथाजनित भूमिको रुपमा अर्थ्याएको छ ।

यसलाई स्पष्ट रुपले बुझ्न नेपालको सन्दर्भमा धनकुटाको आदिवासी आठपहरियाको भौगोलिक भूमिलाई लिए पुग्छ । आठपहरियाको ऐतिहासिक समयदेखि ओगटेको तथा अन्य कुनै हिसाबले प्रयोग गरेको भूमि भनेको उत्तरमा गुराँसेडाँडा-भिरगाउँदेखि दक्षिण, तमोर नदीदेखि उत्तर, रावा खोलादेखि पश्चिम र मार्गा खोलादेखि पूर्वबीचको भौगोलिक भूमि या भू-क्षेत्र हो । यसमा अन्य जाति तथा समुदायको बसोवास भएतापनि र उनीहरूको व्यक्तिगत जमीन भए तापनि उक्त भौगोलिक सीमा भित्रको भूमि आठपहरिया आदिवासीको परम्परागत/प्रथाजनित भूमि हो । यसरी नै, राउटे आदिवासीले ऐतिहासिक समयदेखि विचरण गर्ने कैलाली, बर्दिया, बाके, दाङ, सुर्खेत, दैलेख, अछाम, डडेलधुरा, बैतडी र डोटीको वन क्षेत्र जहाँ उनीहरू वर्षौ वर्षसम्म एक वनदेखि अर्को वनमा सर्दै घुमेर बस्दै जीवन यापन गर्दछन् त्यो नै उनीहरूको परम्परागत/प्रथाजनित भूमि हो । यसैगरी, चितवनको पहाडी भाग शुरुदेखि उत्तर, त्रिशुली नदी र नदीसंग जोडिएको आसपासको गोर्खातिरको क्षेत्रदेखि दक्षिण, नारायणी नदी पुर्व, मकवानपुर र चितवनको सीमासंग सटिएको मकवानपुरको पहाडी क्षेत्रदेखि पश्चिमको भू-क्षेत्रनै चेपाङ आदिवासीको परम्परागत/प्रथाजनित भूमि हो । यसरी नै, माथिल्लो अरुण उपत्यकादेखि उत्तर, हिमालदेखि दक्षिण, भोट खोलादेखि पूर्व र वालुङदेखि पश्चिमबीचको भौगोलिक भूमि नै याम्फू आदिवासीको परम्परागत/प्रथाजनित भूमि हो । यस्तो परम्परागत

या पुर्ख्यौली भूमि तथा थातथलो नेपालका सबै आदिवासीको रहेको छ। लिम्बू आदिवासीको परम्परागत/थातथलो तथा प्रथाजनित भूमि भनेको वि.सं. १८३१ को लिम्बू र कान्तीपुरका शाह राजाबीच भएको लालमोहर जारी हुनु अघि र पछि किटान गरिएको विकृत नाम किपटभूमि हो। स्वामित्व, नियन्त्रण र राजश्व उठाउने र बुझाउने सवालका आधारमा किपट भनिएको भूमि र परम्परागत/प्रथाजनित भूमि अलिक फरक हो। यस किपट भूमिभित्र हरेक थरगत लिम्बूको आ-आफ्नै किपट अर्थात् परम्परागत/थातथलो तथा प्रथाजनित भूमि रहेको थियो जो व्यावहारिक रुपमा राज्य शासकले सिध्याए पनि कानूनी रुपमा अझै ज्युँदै छ भन्न सकिने अवस्था छ। ती प्रत्येक थरगत लिम्बूहरूले वि.सं. १८३१ पछि विभिन्न समयमा तत्कालीन केन्द्रिय शासकहरूबाट चार किल्ला खोलिएका परम्परागत/थातथलो तथा प्रथाजनित भूमि कानूनी हिसाबले प्राप्त गरेका कागजहरू अझै रहेका छन्।

**१५.१.१ आदिवासीको यस्तो परम्परागत/प्रथाजनित भूमिको सम्बन्धमा राज्यको दायित्व के हो ?**

आदिवासीका यस्ता परम्परागत/थातथलो तथा प्रथाजनित भूमिसंग उनीहरूको संस्कृति र आध्यात्मिक मूल्यको विशेष सम्बन्ध खासगरी उनीहरूको सामूहिक सम्बन्ध र महत्वलाई राज्यले सम्मान गर्नुपर्ने व्यवस्था आदिवासी तथा ट्राईबलसंग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि(आईएलओ महासन्धि नं. १६९) को **धारा १३** (१) ले गरेको छ। यसरी नै उक्त सन्धिको **धारा १४ उपधारा** (१) ले यस्तो परम्परागत/प्रथाजनित भूमिमाथिको स्वामित्व र अधिनताको अधिकारलाई राज्यले मान्यता दिनुपर्नेछ र उनीहरूले सम्पूर्ण रुपले नओगटेका तर उनीहरूले जीवन यापन तथा परम्परागत/प्रथाजनित गतिविधिहरू गर्ने गरेको भूमिमा जीवन यापन तथा परम्परागत/प्रथाजनित गतिविधि गर्न पाउने अधिकारलाई रक्षा गर्ने उपायहरू गरिनु पर्ने व्यवस्था गरेको छ।

यसैगरी सो सन्धिको **धारा १४ को उपधारा** (२) ले सरकारले यस्ता भूमिहरूको पहिचान गर्न आवश्यक कदम चाल्नु पर्ने व्यवस्था गरेको छ भने सम्बन्धित आदिवासीको सो भूमिमाथिको स्वामित्व र अधिनताको अधिकारलाई प्रभावकारीरुपमा

रक्षा गर्ने ग्यारेण्टी गर्ने व्यवस्था गरेको छ। **उपधारा** (३) ले यस्तो भूमिमाथि सम्बन्धित आदिवासीले गरेको दावीलाई समाधान गर्न राज्य तथा सरकारले राष्ट्रिय कानूनी व्यवस्थामा पर्याप्त प्रक्रियाहरूको व्यवस्था गरिनु पर्ने व्यवस्था गरेको छ।

**अधिकार** २:

**आदिवासीको भू-क्षेत्र अर्थात् परम्परागत/प्रथाजनित भूमिका भूमिजन्य प्राकृतिक स्रोतहरूमाथि सम्बन्धित आदिवासीको अधिकार हुन्छ। ती स्रोतहरू प्रयोग, व्यवस्थापन र संरक्षणमा सम्बन्धित आदिवासीले सहभागी हुन पाउनेअधिकार हुन्छ।**

आईएलओ महासन्धि नं. १६९ (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) को **धारा १५ को उपधारा** (१) ले आदिवासीको भूमिजन्य प्राकृतिक स्रोतहरूमाथिको अधिकार हुन्छ र आदिवासीको ती स्रोतहरू प्रयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुन पाउने अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ। यसको अर्थ ती भूमिजन्य प्राकृतिक स्रोतहरूमाथिको स्वामित्व सम्बन्धित आदिवासीमा रहन्छ। भूमिजन्य प्राकृतिक स्रोतहरू भन्नाले जमिनमुनी र जमिनमाथि रहेका स्रोतहरू जस्तै खनिज, वन, वन काष्ठ पैदावर, ढुंगा, माटो, पानी, नदी, नाला, बालुवा, औषधि आदि सबै बुझ्नु पर्ने हुन्छ।

**१५१.२ आदिवासीको यस्तो अधिकारमा राज्य तथा सरकारको दायित्व के रहन्छ ?**

उक्त महासन्धिको धारा १५ को उपधारा (१) ले राज्य तथा सरकारले आदिवासीको भूमिजन्य प्राकृतिक स्रोतहरूमाथिको अधिकारलाई विशेष रुपमा रक्षा गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो रक्षा राज्य तथा सरकारले कानून बनाएर गर्नुपर्ने हुन्छ भने आदिवासीलाई विभिन्न रुपको सहयोग गरेर रक्षा गर्नुपर्ने हुन्छ।

**अधिकार** ३:

**आदिवासीको परामर्श तथा स्वतन्त्र अग्रीम जानकारीसहित मन्जूरीको अधिकार छ।**

आईएलओ महासन्धि नं. १६९ (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) को **धारा १५ को उपधारा** (२) ले आदिवासीको भूमिजन्य खनिज या उपरीसतहको स्रोत या भूमिजन्य अन्य स्रोतहरूको अधिकारको स्वामित्व राज्यले लिन चाहेको अवस्थामा

सरकारले आदिवासीसंग परामर्श तथा धारा १६ को उपाधारा (२) अनुसार यदि विस्थापन गर्नै पर्ने अवस्था आएमा स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरी लिनु पर्दछ र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १० र २९ अनुसार सम्वन्धित आदिवासीसंग स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरी लिनु पर्दछ। यस्तो परामर्श र स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरी लिने तथा गरिने प्रक्रियालाई कायम राख्ने या परामर्श गरिने प्रक्रिया स्थापित गर्नु राज्यको दायित्व हुने भनि व्यवस्था गरिएको छ। परामर्श र स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरी भनेको सरकारले सो विषयमा शुरुमै आदिवासीलाई सूचना तथा जानकारी दिनु पर्दछ। त्यसपछि सरकारले आदिवासीसंग परामर्श लिनुपर्ने र आदिवासीको बिना दवाव स्वतन्त्रपूर्वक निर्णय गरी सो कार्य गर्न तथा स्वामित्व राज्यलाई दिन मन्जुरी दिने भन्ने बुझ्नु पर्दछ।

**अधिकार ४:**

**आदिवासीको आफ्नो परम्परागत/प्रथाजनित भूमिमा फर्कन पाउने अधिकार छ।**

यस आईएलओ महासन्धि नं. १६९ (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) को धारा १६ का अन्य उपधाराहरूले आदिवासी समुदायलाई उनीहरूले ओगट्दै आएको भूमिबाट हटाउन नमिल्ने, हटाउन या स्थानान्तर अपवाद उपायको रुपमा अनिवार्य हुन आएको अवस्थामा तिनीहरूको स्वतन्त्र एवं अग्रीम जानकारीसहित मन्जुरी लिएर मात्र स्थानान्तर गरिनु पर्ने व्यवस्था गरेको छ। आदिवासी आफ्नो परम्परागत/प्रथाजनित भूमिबाट कारणवश स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरी नदिई सो स्थान छोडी अन्यत्र स्थानान्तर भए पनि यस महासन्धिको धारा १६ को उपधारा (३) ले स्थानान्तर गरिनु पर्ने अनिवार्य कारणको औचित्य समाप्त हुनासाथ ती आदिवासी समुदायलाई यथासम्भव आफ्नो परम्परागत/प्रथाजनित भूमिमा फर्कने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ।

यस महासन्धिको **उपधारा** (४) ले सम्वन्धित आदिवासी आफ्नो परम्परागत भूमिमा फर्कने सम्भावना नभएमा पूर्व सम्झौता अनुरुप वा सम्झौता नभएको अवस्थामा पनि उचित प्रक्रियाहरूमार्फत कमसेकम पनि तिनीहरूको वतर्मान आवश्यकता र भावी विकासका लागि अनुकूल हुनेगरी उनीहरूले पहिले ओगटेका

भूमि समान गुण र कानूनीरुपमा स्तरयूक्त भूमि सम्भव भएसम्म प्रदान गरिनु पर्ने जुन सम्बन्धित जनताले अभिव्यक्त गरेको प्राथमिकता पैसा वा जिन्सी लगायतको अन्य कुनै रुपको क्षतिपूर्ति दिइनु पर्ने व्यवस्था गरेको छ। यसैगरी सोहि धाराको **उपधारा** (५) ले यसरी पूनर्स्थापित भएको व्यक्तिलाई त्यसवापत भएको हानी वा नोक्सानकालागि पूरा क्षतिपूर्ति दिइनु पर्ने व्यवस्था गरेको छ। यि उपधारा (४) र (५) मा भएका व्यवस्थाहरू पनि आदिवासीको अधिकारको रुपमा लिन मिल्दछ।

**अधिकार ५:**

**परम्परागत/प्रथाजनित भूमिमा आदिवासीको भूमिसम्बन्धी स्वनिर्णयको अधिकार छ जसलाई राज्य तथा अन्यले सम्मान गर्नु पर्दछ।**

यस महासन्धिको **धारा १७ को उपधारा** (१) ले आदिवासी समुदायले आफ्ना अन्य सदस्यहरूमा भूमि सम्बन्धी अधिकार हस्तान्तरण गर्न स्थापना गरेका प्रक्रियाहरू सम्मान गरिनु पर्ने व्यवस्था गरेको छ। **उपधारा** (२) ले ती आदिवासीको क्षमतालाई विचार गरेर तिनीहरूको आफ्नो भूमि यताउति गर्न या तिनीहरूको समुदायभन्दा बाहिरको व्यक्तिलाई अधिकार सार्नु पर्दा ती आदिवासीलाई सम्पर्क तथा परामर्श गरिनु पर्ने व्यवस्था गरेको छ। **उपधारा** (३) ले आदिवासीको प्रथा तथा रीतिथितिको वा तिनीहरूको कानूनी अज्ञानताको फाइदा उठाएर ती आदिवासी समुदायसंग असम्बन्धित व्यक्तिहरूलाई तिनीहरूको भूमि स्वामित्व हासिल गर्ने वा भूमि उपयोग गर्ने कार्य गर्नबाट रक्षा गरिनु पर्ने व्यवस्था गरेको छ। यसरी नै यस महासन्धिको धारा १८ ले आदिवासीको भूमिमा अनाधिकृत अतिक्रमण वा प्रयोगलाई कानूनद्वारा पर्याप्त मात्रमा दण्डित गरिने र सरकारले यस्ता अपराधहरू रोक्न आवश्यक कदमहरू चाल्नु पर्ने व्यवस्था गरेको छ।

### १५.२ आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) ले आदिवासीको भूमि अधिकार बारे के के व्यवस्था गरेको छ ?

सन् २००७ मा जारी गरिएको आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई हाम्रो देशले त्यसको पक्षमा मतदान गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गरेको छ। उक्त घोषणापत्र आदिवासी जनजातिको मानव अधिकारको स्रोत हो, सो घोषणापत्रको धारा ८, १०, २५, २६, २७, २८, २९, ३० र ३२ ले आदिवासीको भूमि अधिकार सम्बन्धमा पर्याप्त व्यवस्था गरेको छ।

यस घोषणापत्रले आदिवासी तथा आईएलओ महासन्धि नं. १६९ ले आदिवासीहरूको भूमि अधिकार सम्बन्धमा गरेका व्यवस्थाहरूलाई अझ उजागार गर्ने, केही थपसहित स्पष्ट गर्ने काम गरेको छ। उक्त घोषणापत्रले आदिवासीहरूको भूमि अधिकार सम्बन्धमा निम्न अधिकारहरू सुनिश्चित गरेको छः

**अधिकार १ः**

**आदिवासीहरूको परम्परागत/प्रथाजनित भूमि (सामूहिक भूमि, भू-क्षेत्र र स्रोतहरू) अर्थात् Lands, territories and resources)को अधिकार हुन्छ ।**

यस घोषणपत्रको **धारा २६ उपधारा** (१) ले आदिवासी जनजातिलाई उनीहरूले परापूर्वकालदेखि नै आफ्नो स्वामित्वमा रहेको, बसोवास गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेका जमीन, भू-भाग तथा संसाधनहरू माथिको अधिकार हुने व्यवस्था गरेको छ। यस अनुसार परापूर्वकालदेखी नै स्वामित्वमा रहेका, बसोवास गरेका वा अन्य किसिमले प्रयोग गर्दै आएको या हासिल गरेको जमीन, भू-भाग तथा संसाधनहरू नै परम्परागत भूमि/थातथलो तथा पुर्ख्यौली भूमि हो ।

**अधिकार २ः**

**आदिवासीहरूलाई आफ्नो परम्परागत/प्रथाजनित भूमि प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।**

यस घोषणापत्रको **धारा २६ को उपधारा** (२)ले आदिवासीहरूलाई परम्परागत/प्रथाजनित स्वामित्व वा अन्य परम्परागत व्यवसाय वा प्रयोगका कारण आफूसंग भएको तथा आफूले अन्य किसिमले प्राप्त गरेको जमीन, भू-भाग तथा संसाधनमाथिको स्वामित्व प्राप्त गर्ने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार व्यवस्था गरेको छ भने **धारा २५** ले परम्परादेखि नै आफ्नो स्वामित्वमा रहेको वा उनीहरूले अन्य किसिमले बसोवास गरी प्रयोग गर्दै आएको जमीन, भू-भाग, पानी र तटवर्ती समुन्द्र तथा अन्य संसाधनसंग उनीहरूको पृथक आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने र यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने अधिकार व्यवस्था गरेको छ ।

यसको अर्थ आदिवासीको नाममा दर्ता भएको जमीन, दर्ता नभए पनि आफ्नै जस्तो अपनत्व (De-facto) भएको काठको सामान बनाउने, बाँसको विभिन्न सामान बनाउने जस्ता अन्य परम्परागत व्यवसाय वा प्रयोग गरिने काठपात तथा वनजन्य बस्तु भएको भूमि, प्रयोग गरेको जमीन, प्रयोग गरिरहेको खानी, ढुंगा, वन, खोला, तटवर्ती समुन्द्र तथा पानी भएको भूमि तथा समग्र क्षेत्रको स्वामित्व प्राप्त गर्ने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार हो भनेर बुझ्नु पर्दछ ।

यस अधिकारले परम्परागत/प्रथाजनित भूमिमा भूमि शासन (Land rule) को हिसाबले आदिवासीहरूको स्वशासन (Self-rule)तथा स्व-सरकार (Self-government) हुने कुरालाई स्पष्ट गर्दछ । त्यसैले यस घोषणापत्रको धारा ३ र ४ मा आदिवासीहरूको आत्मनिर्णयको अधिकार, स्वायत्तता, स्वशासन र आत्मनिर्णीत विकासको अधिकार हुन्छ भनिएको हो ।

**अधिकार ३:**

**परम्परागत/प्रथाजनित भूमिमा सम्बन्धित आदिवासीको कानून, परम्परा, प्रचलन तथा भू-स्वामित्वको मान्यताको आधारमा भूमि प्रणालीलाई न्यायिक, निष्पक्ष, स्वतन्त्र, खुला र पारदर्शी बनाउने प्रक्रिया र कार्यान्वयन गर्ने प्रक्रियामा सम्बन्धित आदिवासीहरूले सहभागी हुन पाउने अधिकार हुन्छ ।**

यस घोषणापत्रको **धारा २७** ले परम्परागत रुपमा स्वामित्वमा रहेको वा अन्य किसिमबाट बसोवास वा प्रयोग गरिदै आएको समेत आदिवासीका जमीन, भू-भाग र संसाधनहरूमा उनीहरूको अधिकारलाई मान्यता प्रदान गर्न र न्याय निरुपण गर्न राज्यहरूले सम्बन्धित आदिवासीसंग मिलेर उनीहरूको कानून, परम्परा, प्रचलन र भू-स्वामित्व प्रणालीलाई उचित मान्यता दिँदै एउटा न्यायपूर्ण, स्वतन्त्र, निष्पक्ष, खुला र पारदर्शी प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्ने, र आदिवासी जनजातिलाई यस प्रक्रियामा सहभागी बन्ने अधिकार हुने व्यवस्था गरेको छ । यसको अर्थ राज्यले यी कामहरूलाई आफ्नो निर्णयको आधारमा नभई सम्बन्धित आदिवासीको परम्परागत/प्रथाजनित कानून, प्रचलन र भू-स्वामित्व प्रणालीको आधारमा व्यवस्थित गर्न र न्याय निरुपण गर्न सम्वन्धित आदिवासीसंग मिलेर काम गर्नुपर्ने हुन्छ ।

यहाँ राज्य भनेको शासन प्रणालीसहित नेपालको सरहदभित्रका विभिन्न तहका सरकार, न्यायपालिका, व्यवस्थापिका (संघ, प्रदेश तथा स्थानीय) र तिनका अवयबहरूसहित समग्र जनता भनेर बुझ्नु पर्दछ। राज्य सत्तामा जनता गणना गरिदैन भने राज्यमा जनता पनि गणना गरिन्छ। राज्य र राज्य सत्तामा फरक यहीं हो।

**अधिकार ४:**

**आदिवासीहरूको भूमिमा उनीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी विना भूमिमा हानी, नोक्सानी तथा क्षति गरिए आदिवासीहरूलाई ती पुनःप्राप्ति, न्यायपूर्ण र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ**

यस घोषणापत्रको **धारा २८** को **उपधारा** (१) ले आदिवासीलाई परम्परागत रुपमा तथा परापूर्वकालदेखी आफ्नो स्वामित्वमा रहेको वा अन्य किसिमले उनीहरूले बसोवास वा प्रयोग गरेका जमीन, भू-भाग तथा संसाधानहरू उनीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरीविना जफत गरिए, लिईए, बसोवास वा प्रयोग गरिए वा त्यसमा क्षति पुऱ्याएमा पुनःप्राप्ति लगायतका माध्यमबाट क्षतिपूर्ति प्राप्त गर्ने वा त्यो सम्भव नभएमा उचित, न्यायपूर्ण र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ। यसको अर्थ जग्गा जफत गरिए या लिईएमा पुनःप्राप्ति (फिर्ता पाउने) अधिकार हुन्छ। बसोवास या प्रयोग गरिए पनि पुनःप्राप्ति वा फिर्ता पाउने अधिकार हुन्छ भने पुनःप्राप्ति हुन नसक्ने गरी क्षति तथा हानी नोक्सानी गए क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ। सोही धारा २८ को उपधारा (२) ले सम्वन्धित मानिसहरूले स्वतन्त्रतापूर्वक सहमति जनाएको अवस्थामा बाहेक गुणस्तर, आकार र कानूनी हैसियतमा समान हुनेगरी जमीन, भू-भाग र संसाधनका रुपमा वा मौद्रिकरुपमा वा अन्य उपयुक्त क्षतिपूर्तिका रुपमा त्यस्तो क्षतिपूर्ति प्राप्त हुने व्यवस्था गरेको छ।

**१५२.१ के मुआब्जा र क्षतिपूर्ति एउटै हो ?**

होइन। यस्तो हानी नोक्सानी तथा क्षति भएको अवस्थामा लाभ पाउने या दिने कुरामा दुईवटा शव्द धेरै प्रयोग गरिन्छ- क्षतिपूर्ति र मुआब्जा। मुआब्जाको अर्थ जग्गा अधिग्रहण गर्दा दिइने जग्गाको चलनचल्तीको मूल्य हो। जे वस्तु नष्ट या

हानी नोक्सानी भएको हो, त्यसको तोकिएको रकम दिएर भरपुर गर्ने कुरा र त्यसले मनोवैज्ञानिक, साँस्कृतिक, सामाजिक क्षेत्रमा पारेको असर तथा प्रभावको हिसाब किताब चाहीं क्षतिपूर्ति हो ।

**अधिकार ५:**

**आदिवासीलाई आफ्नो परम्परागत/प्रथाजनित भूमिको उत्पादनशील क्षमतालाई बचाएर राख्ने तथा संरक्षण गर्ने अधिकार छ ।**

यस घोषणापत्रको **धारा २९ को उपधारा** (१) ले आदिवासीलाई आफ्नो वातावरण तथा जमीन वा भू-भाग र संसाधनको उत्पादनशील क्षमतालाई बचाएर राख्ने वा त्यसको संरक्षण गर्ने अधिकारको व्यवस्था गरेको छ । यस्तो बचाउ तथा संरक्षणका लागि राज्यले कुनै भेद्‌भावविना आदिवासी जनजातिका लागि सहायता कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ ।

**अधिकार ६:**

**आदिवासीको भूमिमा केही गर्न आदिवासीसंग स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी (Free Prior Inforned Consent–FPIC) को प्रक्रिया पालना गराउने आदिवासीको अधिकार छ ।**

यस घोषणापत्रको **धारा २९ को उपधारा** (२) ले आदिवासीको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी विना उनीहरूको जमीन वा भू-भागमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन नगरिने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू गर्नुपर्ने व्यवस्था गरेको छ । यसैगरी यसको **धारा ३० को उपधारा** (१) ले सम्बद्ध सार्वजनिक हितका लागि उचित नठहऱ्याएसम्म वा सम्बन्धित आदिवासीद्वारा स्वतन्त्रतापूर्वक सहमति दिइएको वा अनुरोध गरिएको अवस्थामा बाहेक आदिवासीको जमीन वा भू-भागमा सैनिक गतिविधि हुनु नहुने व्यवस्था गरेको छ । **उपधारा** (२) ले सैनिक गतिविधिका लागि आदिवासीको जमीन वा भू-भाग प्रयोग गर्नुपूर्व राज्यले उपयुक्त कार्यविधिमार्फत र विशेष रुपमा आदिवासीका प्रतिनिधिमूलक संस्थाहरूमार्फत सम्बन्धित आदिवासीसंग प्रभावकारी परामर्श गरिनु पर्ने व्यवस्था गरेको छ ।

यसैगरी यस घोषणापत्रको **धारा ३२ को उपधारा** (२) ले आदिवासीको जमीन वा भू-भाग वा अन्य संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा दोहनसंग सम्बन्धित वस्तुलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यले आदिवासीको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी प्राप्त गर्न उनीहरूका आफ्नै प्रतिनिधि मूलक संस्थाहरूमार्फत सम्बन्धित आदिवासीसंग असल नियतले परामर्श तथा सहयोग गर्नुपर्ने व्यवस्था गरेको छ।

**यसैगरी यस घोषणापत्रको धारा १०** ले आदिवासीलाई उनीहरूको भूमि तथा भू-क्षेत्रबाट बलपूर्वक हटाउन नमिल्ने व्यवस्था गरेको छ। सम्बन्धित आदिवासीको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरीविना उनीहरूलाई सो भूमिबाट स्थानान्तरण गर्न नमिल्ने व्यवस्था गरेको छ। यस्तो स्थानान्तरण उनीहरूलाई न्यायिक र उचित क्षतिपूर्ति दिने र सम्भव भएसम्म उनीहरू आफ्नो भूमिमा फर्कन पाउने विकल्पसहितको सहमति हुनु पर्ने व्यवस्था गरेको छ।

**अधिकार ७:**

**आदिवासीको परम्परागत/प्रथाजनित भूमिमा भूमि र संसाधनको विकास, प्राथमिकता र रणनीतिहरू निर्धारण गर्ने र तयार गर्ने सम्बन्धित आदिवासीको अधिकार हुन्छ।**

यस घोषणापत्रको **धारा ३२ को उपधारा** (१) ले आदिवासीलाई आफ्नो जमीन वा भू-भाग वा अन्य संसाधनहरूको विकास वा प्रयोगकालागि प्राथमिकता र रणनीतिहरू निर्धारण तथा तयार गर्ने अधिकार हुने व्यवस्था गरेको छ।

### १५२.२ यी माथि उल्लिखित आदिवासीको १ देखि ७ सम्मका अधिकारमा राज्यको भूमिका तथा दायित्व के हुन्छ ?

आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले आदिवासीको भूमि, भू-क्षेत्र तथा संसाधन माथिको अधिकारमा राज्यको भूमिका र दायित्वलाई पनि स्पष्टढंगले उल्लेख गरेको छ।

यस घोषणापत्रको **धारा ८** (२) ले आदिवासीको भूमि, भू-क्षेत्र र स्रोतहरूलाई असर पार्ने र नाश गर्ने उद्देश्यले गरिने कार्यहरूलाई राज्यले सुरक्षा गर्नको लागि

प्रभावकारी संयन्त्र उपलब्ध गरिनु पर्ने व्यवस्था गरेको छ। **धारा २६ को उपधारा (३)** ले राज्यले यी जमीन, भू-भाग तथा संसाधनहरूलाई कानूनी मान्यता तथा संरक्षण दिने र त्यस्तो मान्यता सम्बन्धित आदिवासीको प्रचलन, परम्परा तथा भू-स्वामित्व प्रथालाई ध्यानमा राखेर प्रदान गरिनु पर्ने व्यवस्था गरेको छ। **धारा २७** ले आदिवासीको परम्परागत/प्रथाजनित भूमिलाई मान्यता प्रदान गर्न र भूमि प्रणालीमा न्याय निरुपण गर्न राज्यले सम्बन्धित आदिवासी जनजातिसंग मिलेर उनीहरूको कानून, प्रथा, परम्परा, प्रचलन र भू-स्वामित्व प्रणालीलाई उचित मान्यता दिंदै एउटा न्यायपूर्ण, स्वतन्त्र, निष्पक्ष, खुला र पारदर्शी प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ।

यसैगरी **धारा ३२ को उपधारा (२)** ले आदिवासीको जमीन वा भू-भाग वा अन्य संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा दोहनसंग सम्बन्धित बस्तुलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यले आदिवासीको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी प्राप्त गर्न उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत सम्बन्धित आदिवासीसंग असल नियतले परामर्श तथा सहयोग गर्नुपर्ने व्यवस्था गरेको छ।

**१५.३ आदिवासीहरू सम्बन्धको विश्व सम्मेलन (WCIP) ले आदिवासीको भूमि अधिकार बारे के के व्यवस्था गरेको छ ?**

संयुक्त राष्ट्रसंघ साधारण सभाको उच्च तहको प्लेनरी बैठक जसलाई आदिवासीहरू सम्बन्धको विश्व सम्मेलन भनिन्छ, त्यसले २२ सेप्टेम्बर २०१४ मा भएको चौथो प्लेनरी बैठकले आदिवासीको सम्बन्धमा महत्वपूर्ण प्रस्तावहरू पास गरेको छ। यस प्लेनरी बैठकले आदिवासीसंग सम्बन्धित विषयहरूमा विशेष जोड दिने र दृढता प्रकट गर्ने ४० बुँदे संकल्प प्रस्तावहरू पास गरेको छ। जोड र दृढता प्रकट गरिएका बुँदाहरूमध्ये २ वटा बुँदाले आदिवासीको भूमि, भू-भाग र संसाधनहरूको सम्बन्धमा राज्यहरूले राष्ट्रिय योजना बनाउनुमा कुरा उठान गरिएको छ।

उक्त **आदिवासीहरू सम्बन्धको विश्व सम्मेलनको प्रस्ताव नं**. २० ले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको सम्बन्धी आदिवासीको भूमि,

भू-भाग र संसाधनलाई प्रभाव पार्ने कुनै पनि परियोजनाको स्वीकृति दिनु अघि आदिवासीको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी लिन विश्वासका साथ आदिवासीको प्रतिनिधिमूलक संस्थामार्फत परामर्श र सहयोग लिने भन्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिइएको छ। यसैगरी **प्रस्ताव नं.२१** ले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको सम्बन्धमा आदिवासीको भूमि, भू-भाग र संसाधन माथिको अधिकारलाई मान्यता, बढोत्तरी र आधिकारीक रुपमा निर्णय गर्न सम्बन्धित आदिवासीलाई संयोजन गरेर राष्ट्रिय तहमा न्यायिक, स्वतन्त्र, निष्पक्ष, खुला र पारदर्शी प्रक्रियाहरू स्थापना गर्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिइएको छ।

## ज. अन्तर्राष्ट्रिय सन्धि (भूमिसंग सम्बन्धित) को कार्यान्वयन

**१६. के आदिवासीको भूमि अधिकारसंग सम्बन्धित ती अन्तर्राष्ट्रिय सन्धिहरू नेपालले कार्यान्वयन गर्नै पर्दछ ? कार्यान्वयन नगरे के हुन्छ ? कार्यान्वयन प्रक्रिया के हुन्छ ?**
नेपाल पक्ष राज्य भएको आदिवासीको भूमि अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू नेपालले कार्यान्वयन गर्नै पर्दछ। आदिवासीको भूमि अधिकारलाई सुनिश्चितगर्ने नेपाल पक्ष राज्य भएको अन्तर्राष्ट्रिय सन्धिहरूमा आईएलओ महासन्धि नं. १६९ हो। नेपालले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको पक्षमा मतदान गरी कार्यान्वयन गर्ने प्रतिबद्धता दिएको छ। यस महासन्धि नं. १६९ र संयुक्त राष्ट्रसंघीय घोषणापत्र नेपालले कुनै न कुनै तरिका तथा उपायबाट कार्यान्वयन गर्नै पर्दछ। यसलाई देशमा कार्यान्वयन गर्न राष्ट्रिय कार्य योजना बनाएर क्रमश: ऐन कानून सुधार गर्दै कार्यान्वयनमा लैजानु पर्ने हुन्छ। कार्यान्वयन गर्नै पर्ने वाध्यात्मक व्यवस्था छ।

## झ. भूमिमा आदिवासीको सामूहिक र व्यक्तिगत अधिकार

भूमिमा सामूहिक अधिकार र व्यक्तिगत अधिकारको बारेमा माथि चर्चा भइसकेको छ। आदिवासीको भूमिमा सामूहिक र व्यक्तिगत अधिकार दुवै हुन्छ।

**१७. भूमिमा आदिवासीको सामूहिक अधिकार र व्यक्तिगत अधिकार कसरी एकैपटक कार्यान्वयन र व्यवस्थापन हुन्छ ?**

भूमि आदिवासीको सामूहिक अधिकार भनेको सामूहिक नियन्त्रण हुने, उनीहरूको परम्परागत/प्रथाजनित भूमिमाथिको अधिकार हो । उक्त सामूहिक भूमि अधिकारलाई स्थिर तथा बचाई राख्ने, उत्पादन शीलतालाई बचाई राख्ने र विकास गर्ने राजनीतिक व्यवस्था भनेको आदिवासीको उक्त भूमिमा स्वायत्तता, स्वशासन, आत्मनिर्णीत विकास र आत्मनिर्णयको अधिकार नै आदिवासीको सामूहिक अधिकार हो । यस्तो स्वायत्त र स्वशासन भएको परम्परागत/प्रथाजनित भूमिभित्र व्यक्तिगत व्यवस्थापन तथा नियन्त्रण भएका र सामूहिक व्यवस्थापन तथा नियन्त्रण भएका जमीनहरू रहन सक्छन् । उक्त भूमि प्रणाली, व्यवस्थापन तथा अभ्यास गर्ने नीति तथा तौरतरिकाहरू त्यहीं परम्परागत/प्रथाजनित स्वायत्त तथा स्वशासित भूमिका जनताले सामूहिक रुपमा गर्दछन् । यसरी भूमिमा सामूहिक अधिकार र व्यक्तिगत अधिकार संगसंगै कार्यान्वयन र व्यवस्थापन हुन्छ ।

**१८. विभिन्न समुदायको मिश्रित बसोवास भइसकेको अवस्थामा आदिवासीको परम्परागत/प्रथाजनित भूमिमा सामूहिक भूमि अधिकार र व्यक्तिगत भूमि अधिकारको संरचनागत व्यवस्थापन कसरी हुन्छ ?**

पहिलो संरचना त उक्त परम्परागत/प्रथाजनित भूमि स्वायत्त तथा स्वशासित क्षेत्र हुन्छ तब मात्र त्यहाँका जनताले विभिन्न समुदायको मिश्रित बसोवास भएको समुदायको सामूहिक तथा व्यक्तिगत भूमि अधिकार सुनिश्चित गर्ने भूमि प्रणाली निर्धारण गर्न सक्छन् । नीतिगत रुपमा हाल कायम रहेको व्यक्तिगत या पारिवारिक जमीनमा व्यक्तिगत या पारिवारिक अधिकार र व्यक्तिगत तथा पारिवारिक जमीनदेखि बाहेक बाँकी सबै जमीन तथा भूमिमा आदिवासीको सामूहिक अधिकार रहने संरचना हुन्छ । उक्त पराम्परागत भूमि तथा स्वायत्त एवं स्वशासित क्षेत्रका भूमिमा अन्यको पहुँच र उपभोगलाई न्यायपूर्ण बनाउन विभिन्न उपायहरू गर्ने संरचनाहरू हुन्छन् । कुनै पनि भूमिहीन या जमीनविहीन व्यक्ति वा परिवारलाई कसरी जमीनको मालिक बनाउने भन्ने कुरा आदिवासी समुदायसंगको स्वतन्त्र अग्रीम जानकारीसहित मन्जुरीको आधारमा आदिवासी समुदाय र अन्य जनसमुदायको सहभागिता बाट निर्धारण हुने संरचनाहरू रहन्छन् ।

## ञ. नेपालको वर्तमान भूमि व्यवस्था र भूमि सवाल तथा समस्याहरू

### १९. नेपालमा वर्तमानभूमि व्यवस्था के कस्तो छ ?

विगतमा नेपालमा '**एक देश बहु भूमि व्यवस्था**' थियो । कहीं बिर्ता भूमि प्रणाली लागू थियो कहीं परम्परागत भूमिलाई तोडमरोड गरिएको किपट भूमि प्रणाली थियो भने कहीं सरकारी रैकर निजी त कहीं गुठी भूमि प्रणाली थियो । कहीं राज्यरुपको भूमि प्रणाली त कहीं रकम तथा जगेडाबाट प्राप्त भूमि सम्बन्धहरू थिए । यी मध्ये किपट भूमि प्रणाली अन्यभन्दा फरक खास आदिवासी समुदायको सामुदायिक सामूहिक स्वामित्व तथा नियन्त्रण भएको भूमि प्रणाली रहेकोमा हाल उक्त भूमि अधिकार राज्य सत्ताको बलमा राज्यले उल्लंघन गरिरहेको छ ।

यस्तो '**एक देश बहु भूमि व्यवस्था**'लाई शासकहरूले केन्द्रीकृत तथा एकात्मक शासन संरचना तथा व्यवस्था अनुरुप भूमि व्यवस्थालाई पनि केन्द्रीकृत तथा एकात्मक संरचनामा लैजाने काम गरे । परिणामत, शासकहरूले सबै प्रकारकाभूमि प्रणालीहरूलाई उन्मुलन गरि केन्द्रीकृत तथा एकात्मक राज्यको मातहत ल्याउने काम गरे । कानूनी रुपमा यसबारे जटिलताहरू भए पनि व्यवहारिक रुपमा त्यहींदेखि भूमि राज्यको हो भन्ने अवधारणा तथा सिद्धान्त कार्यान्वयन भयो । त्यहींबाट देशमा '**एक देश एक भूमि व्यवस्था**' गराउने काम भयो । राज्य शासकहरूले राज्यको अन्तर्गतका जमीनहरू रैकर बनाएर राज्यलाई तिरो तिर्नेगरी निजी सम्पतिको रुपमा जमीन व्यक्तिहरूको नाममा दर्ता हुने र व्यक्तिले भोग चलन गर्न पाउने व्यवस्था गरे ।

अहिले नेपालमा **एक देश एक भूमि व्यवस्था** रहेको छ। राज्यले ९ प्रकारको भू-उपयोग सम्बन्धी कानून बनाएको छ भने निजी सरकारी, सार्वजनिक र गुठी जमीन गरि ४ प्रकारका जमीन रहने व्यवस्था गरेको छ । भूमि नीतिले समुदायले परम्परागत रुपमा उपभोग गरिआएको जमीनलाई सामुदायिक जमीन रहने भन्ने व्यवस्था गरेको छ । उक्त नीति स्पष्ट नभए पनि त्यो ऐनहरूमा समावेश हुन बाँकी नै छ । यी चारै प्रकारका जमीनहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा राज्यका हुन् । राज्यलाई कर या तिरो नतिरी कसैले जमीन राख्न या जमीनको स्वामित्व पाउदैन । गुठी जमीनको हकमा राज्यको गुठी संस्थानमा तिरो बुझाउनु पर्दछ भने सार्वजनिक र सरकारी जमीन सोझै राज्यको स्वामित्वमा भएकोले तिरो बुझाउनु पर्दैन ।

**२०. वर्तमान समयका भूमि समस्या तथा सवालहरू के के रहेका छन् ?**

देश संघीयतामा गए पनि भूमि व्यवस्था भने केन्द्रीकृत र एकात्मकरुपकै रहेको छ। अहिले जति पनि भूमि समस्या र सवालहरू छन्, ती सबै केन्द्रीकृत र एकात्मक राज्य तथा राष्ट्र-राज्य निर्माण गर्ने प्रयत्नले जन्माएका समस्या तथा सवालहरू हुन्। यसरी जन्मिएका भूमि समस्या तथा सवालहरूमा निम्न मुख्य रहेका छन्:

क. आदिवासीहरूको परम्परागत/प्रथाजनित भूमि तथा सामूहिकभूमि अधिकारको उल्लंघन,

ख. व्यक्तिगत भूमि अधिकारका सवालहरू,

- जमीनमा दोहोरो स्वामित्व अझै पनि रहेको छ (जग्गाधनी र मोही),
- कृषि तथा खेतीमा आश्रीत भूमिहीनलाई भूमि,
- सुकुम्बासीहरूलाई जमीन,
- बेदर्तावाल मोहीलाई जमीन,
- उखडा किसानहरूलाई जमीन,
- गाउँ ब्लकमा बेदर्तासंग बसेकालाई जमीन (दर्ता),
- कमैया तथा कमलरीलाई जमीन,
- हरूवा चरुवा र हलियालाई जमीन,
- दलितहरूलाई जमीन,

ग. नयाँ रुपको **एक देश बहु भूमि प्रणाली**को सवाल

अवधारणा र सिद्धान्तको हिसाबले भूमिसंग सम्बन्धित यी समस्या तथा सवालहरूलाई सम्बोधन गर्न राज्यलाई चुनौती भएको छ। हाम्रो राज्य तथा देशले कतिपय अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राज्य भइसकेकोले **भूमि राज्य र आदिवासी (दुवै) को हो** भन्ने अवधारणा तथा सिद्धान्तलाई स्वीकार गरिसकेको छ। भूमिको एक पाटोको रुपमा रहेको प्राकृतिक स्रोतमा स्थायी सार्वभौमिकता आदिवासी तथा राष्ट्र (peoples and nations) को अधिकार रहन्छ भनेर संयुक्त राष्ट्र संघको प्राकृतिक स्रोतमाथि सार्वभौमिकता विषयको १४ डिसेम्बर १९६२ को रिजोलुशन नं. १८०३ (XVII) को धारा १ ले बोलेको छ। संयुक्त राष्ट्रसंघको चार्टर तथा रिजोलुशनले भनेका कुराहरूलाई पुन:जोड दिनकै लागि आईएलओ महासन्धि नं.

१६९ आएको हो । यसको कार्यान्वयनमा राज्य तथा सरकारलाई कठिनाई उत्पन्न भएको छ। यसैले, राज्य सरकार ती सन्धिहरूलाई नेपालमा कार्यान्वयन गर्न आनाकानी र ढिलाई गरिरहेको छ। यो नै एउटा सवाल भएको छ।

## ट. नेपालका भूमिसंग सम्बन्धित कानूनहरू

**२१. नेपालमा भूमि र भूमि अधिकारलाई सम्बोधन गर्ने कानूनहरू कुन–कुन छन् र ति कानूनमा के के व्यवस्था छन् ?**

हाल अस्तित्वमा रहेका नेपालका भूमि सम्बन्धी ऐन तथा अन्य ऐन कानूनहरू व्यक्तिगत भूमि अधिकारलाई सम्बोधन गर्नेगरी मात्र निर्माण गरिएका छन्। ती ऐन कानूनहरूले सामूहिक भूमि अधिकारलाई सम्बोधन नगर्ने मात्र होइन अलिकति पनि छोएको देखिदैन । अर्को भाषामा भन्दा हाल निर्माण भएका ऐन तथा अस्तित्वमा रहेका ऐनहरूले सामूहिक भूमि अधिकारलाई मेटाउन खोजेको छ । व्यक्तिगत भूमि अधिकार र सामूहिक भूमि अधिकार अवधारणा तथा सिद्धान्तको हिसाबले परस्परमा नमिल्ने अवधारणाहरू हुन्। यद्यपि सामूहिक भूमि अधिकार स्थापित गर्न व्यक्तिगत भूमि अधिकारलाई सम्बोधन गर्ने ऐन कानूनका कतिपय व्यवस्थाहरूलाई टेक्न भने सकिन्छ। यसरी टेक्दा या उपयोग गर्दा सामूहिक भूमि अधिकार छायाँमा पर्ने तथा विकृत हुने कुरालाई सदा हेक्का राखिनु पर्दछ। यस्ता ऐन कानूनहरूले गरेका व्यवस्थाहरूमा टेकेर आदिवासीहरूले केही गर्ने कि नगर्ने भन्ने बहस हुन सक्छ। सामूहिक भूमि अधिकारलाई स्थापित गर्न टेक्न सकिने तलका ऐन कानूनहरूमा निम्न व्यवस्था रहेका छन्:

### क. नेपालको संविधान, २०७२

**२२. नेपालको संविधानमा आदिवासीको सामूहिक भूमि अधिकारको लागि टेक्न सकिने व्यवस्थाहरू के–के छन् ?**

**संविधानको धारा २६** (२) ले धार्मिक स्थल तथा गुठी संचालन र संरक्षण गर्ने हक मौलिक हकको रुपमा राखेको छ। यस व्यवस्था अनुसार आदिवासीले आफ्नो परम्परागत/प्रथाजनित भूमिभित्रका आध्यात्मिक धार्मिक क्षेत्रहरूलाई आफ्नो धार्मिक स्थलको घोषणा गरी ती स्थलहरूको संरक्षण गर्न सकिन्छ। त्यति मात्र होइन, आफ्नो परम्परागत भूमिभन्दा टाढाको क्षेत्रमा रहेको स्थललाई धार्मिक स्थलको

रुपमा मानि पुजिआएको भए त्यसलाई पनि संरक्षण गर्ने हक राख्न सकिन्छ। यसैगरी **संविधानको धारा ३२** (३) ले भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने मौलिक हकको व्यवस्था गरेको छ। संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदासंग भूमि जोडिएको हुन्छ। आदिवासी जनजातिको हकमा ती संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदालाई उनीहरूको भूमिभन्दा बाहिर राखेर त्यसको सम्बर्द्धन र संरक्षण गर्न सकिन्दैन। यसैले ती संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदालाई सम्बर्द्धन र संरक्षण गर्न आदिवासीले आफ्नो परम्परागत/प्रथाजनित भूमि र आफ्नो भूमि अधिकारलाई दावी गर्न सक्छन्। यसरी नै, **संविधानको धारा ३७** (२)ले कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरेको छ। स्वामित्व भन्ने बित्तिकै कानूनी र सामाजिक-साँस्कृतिक या परम्परागत स्वामित्व अर्थात् पूर्ववर्ति अधिकारसंग जोडिएर आउने स्वामित्व पनि हुन्छ। यस धारामा व्यवस्था भएको स्वामित्व व्यक्तिगत अधिकारसंग जोडिए तापनि व्यक्तिहरूको समूहगत रुपमा यस्तो स्वामित्वको कुरा गर्न र दावी गर्न मिल्छ।

राज्यको नीतिगत हिसाबले नेपाल पक्ष भएको आईएलओ महासन्धि नं. १६९ ले व्यवस्था गरेको आदिवासीको परम्परागत भूमि (भूमि, भू-क्षेत्र तथा स्रोतहरू) को अधिकारलाई सरकार तथा सरकारका निकायहरूले अन्यथा गर्न मिल्दैन। यसबारे **संविधानको धारा ५१ (ख) को** (३) ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ। यसैगरी संविधानको सोही **धारा ५१ (ञ) को** (८) ले आदिवासी जनजातिको पहिचानसहित सम्मान पूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसंग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ। आदिवासी जनजातिको **पहिचान** भनेकै सामूहिक अधिकारसंग सम्वन्धित भाषा हो, संस्कृति हो, परम्परागत रीतिथिति, प्रचलन, परम्परागत कानून, प्रथाजनित कानूनको आधारमा भूमि प्रणालीको अभ्यास,

आफ्नै सामाजिक विश्वास, मूल्य मान्यता र आध्यात्मिक स्थल, धरोहर तथा विश्वासहरू हुन् । यस नीतिले आदिवासीको सामूहिक भूमि अधिकार अभ्यास गर्न रोक्दैन ।

यसको साथै **संविधानको धारा ५६ (५)** ले संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ । राज्यले यो कानून स्थानीय तहको पुनर्संरचना गर्नुभन्दा अघि नै बनाउनु पर्दथ्यौ । सो कानून अनुसार आदिवासीका विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रहरू घोषणा गरेपछि मात्र स्थानीय तहको पुनर्संरचना गरिनु पर्दथ्यौ । यसमा छल भएको छ । राज्यले यो कानून बनाएर राज्यको विभिन्न तहको पुनर्संरचना गर्नै पर्दछ । यसको लागि आदिवासीले संविधानमा व्यवस्था भएकोलाई कानून निर्माण गरी कार्यान्वयनमा लैजान न्यायलय मार्फत कानूनी उपचार खोज्न सकिने छ ।

**ख. ऐनहरू**

**२३. आदिवासीको सामूहिक भूमि अधिकारको लागि कुन–कुन ऐनहरूलाई टेक्न र उपयोग गर्न सकिन्छ ?**

ऐनहरूमा भूमि सम्बन्धी व्यवस्था गर्ने र भूमि अधिकारमा आकर्षित हुने ऐनहरूमा भूमि सम्बन्धी ऐन, २०२१, वन ऐन, २०४९, मुलुकी देवानी संहिता, २०७४, जग्गा नापजाँच ऐन, २०१९, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका रहेका छन् । सारमा यी ऐनहरूले आदिवासीको सामूहिक भूमि अधिकारको सम्बन्धमा कहीं केही कतै व्यवस्था गरेका छैनन् । यद्यपि, यी ऐनहरूले व्यक्तिगत भूमि अधिकारका बारेमा व्यवस्था गरेको दफाहरूलाई सामूहिक भूमि अधिकारको लागि टेक्न सकिन्छ कि भन्ने हो ।

**वन ऐन, २०४९ को दफा ३८**ले आफ्नो हक लाग्ने जमीनमा व्यक्तिगत रुपमा निजी वन दर्ताको कार्य गर्न सकिने व्यवस्था गरेको छ । यसै **ऐनको दफा ३५** ले कुनै धार्मिक स्थल वा त्यसको वरिपरीको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार

किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलाई जिल्ला वन अधिकृत समक्ष निवेदन दिई धार्मिक वनको रुपमा दर्ता गर्न सकिने व्यवस्था गरेको छ । यसको अर्थ आदिवासी समुदायले आफ्नो आध्यात्मिक तथा साँस्कृतिक र धार्मिक स्थलको रुपमा रहेको वन क्षेत्रलाई आफ्नो समुदायको धार्मिक वनको रुपमा दर्ता गर्न सक्छ ।

**मुलुकी देवानी संहिता, २०७४ को दफा ३०१**ले कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिनेछ भन्ने व्यवस्था गरेको छ । स्वामित्व भन्ने बित्तिकै कानूनी र सामाजिक-साँस्कृतिक या परम्परागत सामुदायिक स्वामित्व अर्थात् पूर्ववर्ति अधिकारसंग जोडिएर आउने स्वामित्व पनि हुन्छ । आदिवासी जनजातिले यस व्यवस्थाको आधारमा परम्परागत/प्रथाजनित भूमिको धेरै भागहरूलाई सामुदायिक गाई बस्तु चरन, पूर्ववर्ति अधिकार रहेको वन जंगल, खर्क, डाँडा पाखा, खोला खोल्सी आदि सम्बन्धित आदिवासीको सामुदायिक सम्पतिको रुपमा दावी गरी सामुदायिक स्वामित्वमा ल्याउन सकिन्छ ।

**जग्गा नाप जाँच ऐन, २०१९ आठौं संशोधन, २०५६** ले दर्ता तिरो केही नभई परापूर्वकालदेखि बेनिस्सा हकभोग भई आवाद गरी खाइआएको सामुदायिक जग्गालाई समेत जग्गावालाले सो जग्गा दर्ता गराउनु पर्नेछ भनी व्यक्तिगत जग्गा दर्तामा ल्याएको देखिए तापनि सोही ऐनको **दफा छ(ख)** (१)ले छुट जग्गा दर्ता सम्बन्धी व्यवस्था गरेको छ । 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नाप जाँच हुँदा कुनै जग्गा नाप जाँच हुन छुट भएको वा नाप जाँच भए पनि दर्ता हुन छुट भएमा सम्वन्धित व्यक्तिले त्यस्तो जग्गा नाप जाँच गर्नको लागि आवश्यक कागजातसहित तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ' भन्ने व्यवस्थाले प्रक्रिया पुऱ्याएर ती सामुदायिक जग्गाहरू समुदायका व्यक्तिहरू मिली छुट जग्गा दर्ता भनेर दर्ता गर्न सकिन्छ । तर यो अवधारणा भनेको व्यक्तिगत जग्गा दर्ताको अवधारणा अनुसार हुन्छ । त्यसबाट सामुदायिक भूमि अधिकारको दावी गर्न सहयोग पुग्न सक्छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को** (ङ) **स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत** (४) ले सार्वजनिक सम्पति, सामुदायिक सम्पति, ........को अध्यावधिक अभिलेख राख्ने व्यवस्था गरेको छ। यस्तो अभिलेख राख्दा स्थानीय तह (गाउँपालिका तथा नगरपालिका)बाट सामुदायिक सम्पतिको रुपमा आदिवासी जनजातिको सामुदायिक भूमि तथा जग्गाहरूलाई अभिलेखमा पारेर आदिवासीको सामूहिक भूमि अधिकारतिर लैजान सकिने ढोका खोल्न सकिन्छ। यसै ऐनको **दफा ११ को** (**ण**) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी अन्तर्गतको (८) ले स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने व्यवस्था गरेको छ। यस व्यवस्था अनुसार स्थानीय तहले सार्वजनिक तथा सरकारी जमीनहरूलाई आदिवासी जनजातिको सामुदायिक चरन तथा खर्क विकास तथा व्यवस्थापनमा लैजान सक्ने बाटो खोलाउन सकिन्छ।

यसै ऐनको **दफा ११ को** (**प**) **जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण अन्तर्गतको** (१) ले जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने व्यवस्था गरेको छ। स्थानीय तहले सो सम्बन्धी नीति तथा कानून बनाउदा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने जिम्मेवारी स्थानीय आदिवासीलाई दिन सकिने बनाएर आदिवासीको सामूहिक भूमि अधिकारमा छिर्न सकिन्छ।

## ठ. भूमि सम्बन्धमा तीन तहको अधिकार

### २२. संघ, प्रदेश र स्थानीय तहमा भूमि सम्बन्धको अधिकार बाँडफाँड के छ ?

हाम्रो देशको ऐन कानूनहरूले भूमि र जग्गा जमीनलाई फरक-फरक ढंगले बुझ्ने र परिभाषित गर्ने काम गरेको छ। जग्गा नाप जाँच ऐन, २०१९ को दफा २ ले "जग्गा" भन्नाले घर, बाग, बगैचा, रूख, कारखाना, ताल, पोखरी, इत्यादि भएको समेत सबै किसिमको जग्गा सम्झनु पर्छ भन्दछ भने भू-उपयोग ऐन, २०७५, दफा २ (ठ) ले भूमि भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सहतभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ भन्दछ। भूमिको यस परिभाषा र बुझाईबाट हर कुरा चाहे त्यो

सिचाईं होस् या शिक्षण भवन या हवाई मैदान होस् सबै भूमिभित्र नै पर्छ । यस बुझाईमा केही तलमाथि गरी संघ, प्रदेश र स्थानीय तहमा भूमि सम्बन्धको अधिकार बाँडफाँड संविधानको अनुसूची ५, ६, ७, ८ र ९ अनुसार निम्न बमोजिम रहेको छ ।

**२३. के प्रदेश र स्थानीय तहले भूमि सवालहरूलाई सम्बोधन गर्न सक्छ ?**

प्रदेश र स्थानीय तहले भूमि सवाललाई सम्बोधन गर्न भू-उपयोग ऐन, भूमि नीति तथा कानून बनाउने अधिकार प्रदेश तथा स्थानीय तहमा हुनु पर्छ, जुन प्रदेश र स्थानीय तहमा छैन । भूमि नीति तथा कानून बनाउने अधिकार प्रदेश र संघको साझा सूचीमा भएतापनि प्रदेशको मात्र अधिकार क्षेत्रमा छैन । यसको अर्थ, भूमि सवाललाई सम्बोधन गर्न तिनै तह राजी हुनु पर्दछ ।

## ङ. आदिवासीको भूमि अधिकारको लागि हामी सबैको प्रयत्न

**२४. आदिवासीले भूमि अधिकार कसरी प्राप्त गर्न सक्छन् ?**

आदिवासीले आफ्नो सामूहिक भूमि अधिकार राष्ट्रिय कानून र व्यवहारमा कार्यान्वयनको लागि ३ वटा मुख्य काम गर्न आवश्यक छ ।

क. नीति तथा कानून निर्माणको काममा संलग्न हुने (संघ, प्रदेश र स्थानीय तहमा)

ख. आदिवासीको समुदाय तहमा सामूहिक भूमि अधिकार कार्यान्वयन गर्नका लागि काम गर्न आवश्यक छ, र

ग. स्थानीयदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्मको सन्जालीकरण, ऐक्यबद्धता तथा सहकार्यको लागि काम गर्न आवश्यक छ ।

आदिवासीको सामूहिक भूमि अधिकारको लागि राष्ट्रिय कानून (संघीय, प्रदेश तथा स्थानीय तहको) निर्माण गर्न कानून निर्माण शुरु हुनु पूर्वदेखि सकृय (Pro-active) हुने रणनीतिबाट काम गर्न जरुरी छ । यसको लागि कानून निर्माण गर्ने तथा पहल गर्ने सरकारी निकायसंग शुरुदेखि नै लगातार संलग्न हुन आवश्यक हुन्छ ।

नेपाल पक्ष राज्य भएको सन्धि सम्झौताको कार्यान्वयन गर्ने दायित्व राज्यको हो । राज्य भनेको सरकार तथा राज्य सत्तासंग जोडिएका राज्यका अंग मात्र होइनन्, जनता पनि हुन् । सरकार र राज्यका अंगहरूले उक्त सन्धिहरू कार्यान्वयन नगरेको अवस्थामा सम्बन्धित जनसमुदायले कार्यान्वयन गर्न सक्छन् र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यी सबै कुराहरूलाई ध्यानमा राख्दै स्थानीयदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म सन्जाल निर्माण गरी ऐक्यबद्धता र सहकार्यको लागि काम गरे प्रभावकारी हुन्छ ।

समाप्त

**भूमि सम्बन्धको अधिकार बाँडफाँड**

| सि. नं. | संघको अधिकार | प्रदेशको अधिकार | संघ र प्रदेश साझा सूची | स्थानीय तहको अधिकार | संघ, प्रदेश र स्थानीय तहको साझा सूची |
|---|---|---|---|---|---|
| १. | जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड | भूमि व्यवस्थापन, जग्गाको अभिलेख | प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| २. | अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन ? | खानी अन्वेषण र व्यवस्थापन | भूमि नीति र सो सम्बन्धी कानून | घर जग्गा धनी पूर्जा वितरण | खानी तथा खनिज |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | केन्द्रीय स्तरका ठूला विद्युत, सिचाईं र अन्य आयोजना तथा परियोजना ? | प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन | उद्योग तथा खनिज र भौतिक पूर्वाधार | जलाधार, वन्यजन्तु, | विद्युत, खानेपानी, सिंचाईं |
| ४. | खानी उत्खनन | प्रदेश स्तरको विद्युत, सिचाईं र खानेपानी सेवा, परिवहन | पर्यटन, खानेपानी तथा सरसफाई | खानी तथा खनिज पदार्थको संरक्षण | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| ५. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय | अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिचाईं | |
| ६. | भू-उपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन | प्रदेश लोकमार्ग | | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन | कलकारखाना, | | | |
| ८. | अन्तर्राष्ट्रिय विमानस्थल या हवाई मैदान | | | | |
| ९. | पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक | | | | |

## लाहुर्निपको बारेमा

नेपालमा आदिवासीका मानव अधिकार र आधारभूत स्वतन्त्रताको बारेमा कामगर्ने उद्देश्यले आदिवासी वकिलहरूले २०५२ सालमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) स्थापना गरेकाहुन ।

आदिवासीले स्वतन्त्र रुपमा सामूहिक अधिकार, आत्मनिर्णयको अधिकार, भूमी, भु-क्षेत्र र स्रोत माथिको स्वामित्व र नियन्त्रण, प्रथाजन्य कानून र न्याय प्रणाली र आत्म निर्णित विकासको उपभोग गरेको यस संस्थाले परिकल्पना गर्दछ। साथै, सवै प्रकारको उपनिवेशवाद, विभेद्, जातिवाद र अन्यायको अन्त्य र राज्यका सवै निर्णयकर्ताहरूमा आदिवासीको स्वतन्त्र रुपमा आफ्नै राजनीतिक प्रणाली मार्फत सहभागितासहितको न्यायपूर्ण लोकतान्त्रिक समाजको स्थापना यस संस्थाले परिकल्पना गर्दछ ।

लाहुर्निपले आदिवासीको सामूहिक अधिकार प्रतिरक्षाको निम्ति आदिवासी समुदायलाई सचेतना जगाउने, परिचालन गर्ने तथा अभियान गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्ने र कानूनी सहयता प्रदान गर्ने गर्दछ। नीतिगत निर्णयमा प्रभाव पार्न अध्ययन अनुसन्धान गर्ने, नीतिगतवहस तथा पैरबी गर्ने यस संस्थाको प्रमुख गतिविधिहरू हुन ।